# त्रिवेणी गाउँपालिकाको

# वार्षिक नीति तथा कार्यक्रम

## आ.व. २०८०/०८१

*(स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को परिच्छेद ४ को दफा ४.८ को चरण २ को बुँदा २.३ सँग सम्बन्धित)*

गाउँसभाको चौधौं अधिवेशनमा

गाउँपालिका अध्यक्ष श्री कर्ण बहादुर बाँठा मगरज्यूबाट

प्रस्तुत गरिएको

त्रिवेणी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

जुगार, रोल्पा, लुम्बिनी प्रदेश

# नीति तथा कार्यक्रम

**गाउँ सभाका उपाध्यक्षज्यू,**
**तथा सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

यस गरिमामय सभामा त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने राजनैतिक दल, संस्थापक जनप्रतिनिधि, पूर्व जनप्रतिनिधि, सरकारी तथा गैरसरकारी संघसंस्था, उद्योगी, व्यवसायी, नागरिक समाज, बौद्धिक वर्ग लगायतका सरोकारवाला निकायहरु तथा सम्पूर्ण त्रिवेणी गाउँपालिकाबासी आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरुलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु ।

यस अवसरमा नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र स्वाभिमानको रक्षा, नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सबलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात महान शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । सदासर्वदा अग्रपंक्तिमा रहेर सार्वजनिक सेवा प्रदान गर्नुहुने जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीहरु लगायतको उच्च प्रशंसा गर्न चाहन्छु ।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिकाबासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु समक्ष अभिव्यक्त गरेका प्रतिज्ञाहरु पूरा गर्ने दिशामा आगामी आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गर्दै त्रिवेणी गाउँपालिकालाई आत्मनिर्भर, समाजवादोन्मुख, सुन्दर र समृद्ध बनाउने "मेहनती जीवन पद्धतिः हाम्रै जीवनको समृद्धि" भन्ने मुल नाराको आकांक्षा बमोजिम यो नीति तथा कार्यक्रम तयार पारेको छु । यसका लागि दिगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका र सुखी जनताको लक्ष्य हाँसिल गर्न सार्वजनिक, निजी क्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ । यस गाउँपालिकाको मुख्य पेशाको रुपमा रहेको कृषिलाई व्यावसायिक बनाउन प्रयाप्त सिंचाई सुविधाको प्रबन्ध गर्ने, खानेपानीको एक घर एक धारा विस्तार गर्ने, दुरदराजका बस्तिहरुमा विद्युतको पहुँच पुऱ्याउने योजना तथा लक्षित वर्गको आर्थिक सामाजिक सशक्तिकरणका आवश्यकतामा आधारित कार्यक्रमहरुलाई यस नीति तथा कार्यक्रमले प्राथमिकताका साथ अगाडी बढाएको छ ।

गाउँपालिकालाई उत्कृष्ट शैक्षिक र तथा कृषि उत्पादनमा आधारित पर्यटकीय गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, कृषिमा आधुनिकरण तथा व्यावसायीकरण ल्याउने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध बस्ति विकासलाई यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताको रुपमा लिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक न्याय तथा संरक्षणका अवसर उपलब्ध गराई शान्ति, सुरक्षा र सु-व्यवस्था सहितको न्यायपूर्ण, समुन्नत, सभ्य र सु-संस्कृत समाज निर्माण गर्न गाउँपालिकाको प्रतिवद्धतालाई नयाँ उचाई प्रदान गरिनेछ । कोभिड-१९ को महामारीका कारण सामाजिक-आर्थिक क्षेत्रमा परेको प्रतिकूल असरलाई ध्यानमा राखी जनताका आकांक्षा पूरा गर्न स्थानीय सरकारको रुपमा गाउँपालिकाले देहायका रणनीति र पक्षहरुलाई केन्द्रमा राखी आगामी आर्थिक वर्ष २०८०/०८१ को यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

## विद्यमान परिवेश

विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारीबाट थलिएर माथि उठ्न लागेको नेपालको अर्थतन्त्र पुनः रुस-युक्रेन युद्ध र सोबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले प्रभावित भएको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न जानुका साथै स्थानीय तहले पाउनु पर्ने वित्तीय हस्तान्तरणमा नकारात्मक असर पुगेको छ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्पविकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेशिनु पर्ने अवस्थाले हामी सबैलाई गम्भीर वनाएको छ । आन्तरिक र बाह्य बसाइसराइका कारण नेपालका गाउँघरहरू सुनसान बस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन् । उब्जाउ खेत बारी बाँझो हुन पुगेका छन् । यस सन्दर्भमा युवालाई देश भित्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको बसाइलाई आकर्षक बनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिव्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपालः सुखी नेपालीको मूल लक्ष्य हाँसिल गर्नु परेको छ । यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाई विशेष जोड दिनुपर्ने अवस्था सृजना भएको छ । सेवा प्रवाहलाई थप प्रभावकारी बनाई सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि विद्युतीय सुशासन प्रणालीलाई सेवा प्रवाहमा व्यापक र प्रभावकारी बनाउनु पर्ने अवस्था देखिन्छ ।

## विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौतीहरु

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छन्-

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भई २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु,
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु,
३. विकास निर्माणका विविध विषयमा नीति, कार्यक्रम तथा बजेट सम्बन्धी अधिकार प्रष्ट हुनु,
४. सबै वडामा सडक, विद्युत, टेलिफोन तथा इन्टरनेट पूर्वाधारको पहुँच हुनु,
५. गाउँपालिकामा भौगोलिक तथा सांस्कृतिक विविधता रहनुका साथै विविधतामा एकता हुनु,
६. गाउँपालिका तथा वडा कार्यालयहरुको काममा सहयोग तथा सहजीकरण गर्न सबै वडामा टोल विकास संस्था गठन हुनु,
७. कृषि क्षेत्रमा गरिएको लगानीले गाउँपालिका मासु, दुध तथा तरकारीमा आत्मनिर्भर हुँदै जानु,
८. कृषि सडकको विस्तार, तरकारी संकलन केन्द्र तथा हाटबजार निर्माणका कारणले उत्पादित कृषिजन्य उत्पादनको बजारसम्म सहज पहुँच स्थापित हुनु,
९. सबै विद्यालयमा प्रयाप्त भौतिक पूर्वाधार निर्माण कार्य तथा बालबालिकाको बसाईको प्रभावकारी व्यवस्थापन सम्पन्न हुनु ।
१०. महिला सशक्तिकरणको लागि नवप्रवर्तन साझेदारी कोष अन्तर्गत अबका महिलाः उम्दा महिला जस्ता ठूला परियोजना लागु हुनु ।
११. गाउँपालिका बालश्रम मुक्त स्थानीय तह घोषणा भई बालमैत्री स्थानीय शासनको लागि आधार तयार हुनु ।

**हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छन्-**

१. रोजगारोन्मुख सीपमूलक शिक्षाको विकास गर्नु,
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु,
३. गुणस्तरीय बीउबिजन र मलखाद समयमा नै उपलब्ध गराउनु,
४. अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु,
५. प्राकृतिक स्रोत तथा नदिजन्य पदार्थको मापदण्ड अवलम्बन गरी अत्यधिक दोहन रोक्नु,
६. वैज्ञानिक, जलवायु उत्थानशिल तथा उपयुक्त भू-उपयोग योजना तर्जुमा गरी लागु गर्नु,
७. वैदेशिक रोजगारीबाट फर्केका युवाको सीप तथा पूँजीलाई उद्यम विकासमा उपयोग गर्नु,
८. व्यावसायिक कृषकको संख्या वृद्धि गर्नुका साथै युवा जनशक्तिलाई कृषि क्षेत्रमा आकर्षित गर्नु,
९ भिरालो ठाउँ, बाढीपहिरो तथा डुवान लगायतका प्रकोपको उच्च जोखिम भएका बस्तीमा भवन निर्माण कार्यलाई रोक्नु,
१०. गाउँपालिकाको आवधिक योजना तथा मध्यमकालिक खर्च संरचना नहुँदा बजेटको प्राथमिकता प्राप्त क्षेत्र निर्धारण हुन नसकी प्रभावकारी बजेट परिचालन हुन नसक्नु,
११. सडक लगायतका पूर्वाधारको योजना, डिजाइन तथा ड्रईङ बिना गरिने संरचना निर्माणको कार्यलाई रोक्नुका साथै निर्माण भएका पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।

**नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू**

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ तथा पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ । पन्ध्रौं योजना, दिगो विकास लक्ष्य, २०३० को मार्गचित्र, राजश्व परामर्श समितिको प्रतिवेदन, सरोकारवालाहरुको राय तथा सुझाव, विगतका असल अभ्यासहरु, गाउँपालिकाद्वारा कार्यान्वयनमा ल्याइएका कानूनी प्रावधान समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी-व्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ । विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले दायित्व स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानूनी ढाँचाभित्र आवद्ध गराउने हो । आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो । जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको गौरवमय इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिनेछ ।

संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तीय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तीय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिनेछ । यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएको छ । जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सार्थक सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाई जोड दिइनेछ ।

# चालु आ.व. २०७९/०८० को हालसम्मका प्रमुख उपलब्धीहरु

## पूर्वाधार विकासको क्षेत्रमा भएका उपलब्धी

### सडक, भवन, पुल तथा विद्युत तर्फ

चालु आर्थिक वर्षमा यस गाउँपालिकामा ३ कि.मि. पक्की सडक, २.७ कि.मि. ग्राभेल सडक र १७.३ कि.मि. कच्ची सडक निर्माण गरिएको छ । त्यसैगरी एउटा मोटरेबल पक्की कल्भर्ट, ६ वटा साना कल्भर्ट, २ वटा ट्रस पुल र २१० मिटर घेराबार निर्माण गरिएको छ । ३ वटा खेलमैदान, १३ वटा सामुदायिक भवन, ८ वटा सार्वजनिक शौचालय, २ वटा शवदाह गृह निर्माण गरिएको छ भने ३४ वटा अन्य संरचना निर्माण गरिएको छ ।

यस अवधिमा विद्युत तर्फ पुरानो पोलहरुमा ४५ कि.मि. विद्युत तार विस्तार तथा ४ वटा शाखा पोल खरिद गरी वितरण गरिएको छ । गाउँपालिकाका सबै वडामा सडकको पहुँच पुगेको छ । गाउँपालिकाले विभिन्न बस्ती र पर्यटकीय क्षेत्रहरूमा समेत सर्वयाम गाडी चल्ने सडक पूर्वाधार विस्तार गरेको छ । यसै आर्थिक वर्षमा औद्योगिक ग्रामको निर्माण कार्य समेत थालनी गरिएको छ ।

### खानेपानी तथा सिंचाई तर्फ

चालु आ.व. मा २७ वटा नयाँ खानेपानी निर्माण र १० वटा खानेपानी योजना मर्मत गरिएको छ भने २,५४३ मिटर पक्की सिंचाई कुलो निर्माण र ६,७६३ मिटर सिंचाई पाइप वितरण गरिएको छ । यसबाट गाउँपालिकाको ठूलो जनसंख्या खानेपानी तथा सिंचाई सुविधाबाट लाभान्वित भएको छ । गाउँपालिकाको वडा नं. २, ३, ५ र ६ का केही टोलबस्तीहरु सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा भएका छन् ।

## सामाजिक विकासको क्षेत्रमा भएका उपलब्धी

### स्वास्थ्य तर्फ

त्रिवेणी गाउँपालिकाले जिल्लास्तरमा स्वास्थ्य सूचकहरुको आधारमा उत्कृष्ट गाउँपालिका घोषणा हुन सफल भएको छ । त्यसैगरी चालु आर्थिक वर्षमा यस गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता र दिगोपनायुक्त गाउँपालिका घोषणा गरिएको छ भने जुगारमा बृहत निःशुल्क विशेषज्ञ शिविर सञ्चालन गरिएको छ । वडा नं. १ र २ मा क्षयरोगका बिरामी पत्ता लगाउन समुदायस्तरमा खोजपड्ताल क्याम्प सञ्चालन गरिएको छ । जुगारमा १५ शैयाको प्राथमिक अस्पताल र गैरीगाउँ स्वास्थ्य चौकीको भवन निर्माणाधीन अवस्थामा रहेका छन् । साथै रिक्त मेडिकल अधिकृतको पदमा पदपूर्ती गरिएको छ ।

### शिक्षा, युवा तथा खेलकुद तर्फ

चालु आर्थिक वर्षमा चार वटा ४ कोठे र एक वटा २ कोठे गरी जम्मा पाँच वटा नयाँ पक्की विद्यालय भवन निर्माण गरिएको छ । त्यसैगरी चारवटा विद्यालयमा आई.सी.टी. ल्याब, तीनवटा ई-पुस्तकालय, दुईवटा विज्ञान प्रयोगशाला स्थापना गरिएको छ । गाउँपालिकाबाट २६ जना शिक्षण स्वयंसेवक व्यवस्थापन गरिएको छ । बहुकक्षा बहुस्तर शिक्षण लागु गर्ने सन्दर्भमा धुलिखेल नगरपालिकाको भ्रमण गरी गाउँपालिकाका १२ वटा विद्यालयहरुबाट शुरु गरिएको छ । यस वर्षको जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा गाउँपालिकाले दोस्रो स्थान समेत हाँसिल गर्न सफल रहेको छ । युवाहरूको खेलकुदमा संलग्नता बढाउनका लागि खेलकुद मैदान तथा कभर्ड हल निर्माण भएका छन् ।

त्यसैगरी चालु आर्थिक वर्षमा शैक्षिक गुणस्तर सुधारका लागि प्रतिवद्धता तथा पढ्दै कमाउदै कार्यक्रम सम्बन्धी बृहत अन्तरक्रिया, बालैमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण, आधारभूत तह कक्षा ८ उत्तीर्ण अन्तिम परीक्षाको नतिजा विश्लेषण कार्यक्रम, IEMIS सम्बन्धी तालिम, विद्यालय व्यवस्थापन सम्बन्धी अभिमुखीकरण, विद्यालय लेखा तथा जिन्सी व्यवस्थापन सम्बन्धी तालिम लगायतका कार्यक्रमहरु सञ्चालन गरिएको छ । शिक्षक दरबन्दी मिलानको कार्यारम्भ गरिएको छ । अन्तरमाध्यमिक विद्यालय राष्ट्रपति रनिङ शिल्ड लगायतका प्रतियोगितात्मक कार्यक्रम र जनप्रतिनिधिसँग विद्यार्थी अन्तरक्रिया कार्यक्रम समेत आयोजना गरिएको छ ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तर्फ**

गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्थामा सुधार हुँदै गएको छ । विगत दुई वर्षदेखि सञ्चालित अबका महिलाः उम्दा महिला परियोजनाबाट करिब २१३ जना लाभग्राही महिलाहरुले व्यवसाय सञ्चालन सीप तथा व्यक्तिगत क्षमता विकास तालिम प्राप्त गरेका छन् । जसमध्ये २२/२२ जनाले सिलाईकटाई तथा कुखुरापालन, ३०/३० जनाले बाखापालन तथा तरकारी खेती, ९ जनाले मोबाइल रिपियरिङ तालिम, र ११० महिलाहरुले लोक सेवा आयोग तथा शिक्षक सेवा आयोग तयारी कक्षा सम्बन्धी अभिमुखीकरण र आधारभूत कम्प्यूटर तालिम प्राप्त गरेका छन् । गाउँपालिकका महिला जनप्रतिनिधिहरुको लागि महिला अधिकार, कानूनी सचेतना तथा नेतृत्व विकास सम्बन्धी अभिमुखीकरण तालिम सम्पन्न गरिएको छ । त्यसैगरी महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति लक्षित विभिन्न कार्यक्रमहरु सम्पन्न गरिएको छ ।

## आर्थिक विकासको क्षेत्रमा भएका उपलब्धी

### कृषि तथा पशुपंक्षी तर्फ

चालु आर्थिक वर्षमा ८ वटा तरकारी संकलन केन्द्र निर्माण, ८ वटा हाटबजार टहरा निर्माण, १८ वटा कृषक फार्म दर्ता तथा ३५ वटा कृषक समूहमा समूह व्यवस्थापन तालिम सञ्चालन गरिएको छ । कृषि सहकारी संस्थालाई व्यावसायिक कृषि तथा पशुपालनका क्षेत्रमा लगानी गर्न उत्प्रेरित गरिएको छ । गाउँपालिकाका सात वटै वडामा १,७५० वटा किवीको बिरुवा वितरण गरिएको छ । वडा नं. ३ र ७ मा नयाँ तरकारी पकेट विकास कार्यक्रम सञ्चालनमा ल्याइएको छ भने वडा नं. २, ६ र ७ मा खायन आलु उत्पादन कार्यक्रम सञ्चालनमा ल्याइएको छ ।

त्यसैगरी ५ नं. वडा कार्यालयबाट महिला समूलाई एउटा थ्रेसर मेसिन तथा ४ वटा मिनिट्रेलर वितरण गरिएको छ भने बिउ पूँजी कार्यक्रम सञ्चालनमा ल्याइएको छ । त्यसैगरी वडा नं. ७ मा ४ वटा मिनिट्रेलर वितरण गरिनुका साथै कृषि प्रदर्शनी मेला आयोजना गरिएको छ भने वडा नं. २ र ३ मा तरकारीको बिउबिजन वितरण गरिएको छ । समुन्नती परियोजना मार्फत वडा नं. २ को बाँफेमा सोलार लिफ्टिङ सिंचाई योजना सञ्चालनमा ल्याउनुको साथै मकै रोप्ने मेसिन वितरण गरिएको छ ।

पशुपंछी क्षेत्र तर्फ नियमित रुपमा पशुपंछी चेकजाँच सेवा सञ्चालन गरिएको छ । चालु आर्थिक वर्षको हालसम्म गाउँपालिकामा २ वटा डालेघाँस स्रोत केन्द्र, ४ वटा माछापालन पोखरी, २ वटा बाखा पकेट क्षेत्र स्थापना गरिएको छ । त्यसैगरी ८ वटा बाखाखोर सुधार र २७ भकारो सुधार गरिएको छ । हालैका दिनमा गाउँपालिका खसी, बुंगर र भैंसीको मासु र अण्डामा आत्मनिर्भर हुँदै गएको छ । यसै अवधिमा गाउँपालिकाभर महामारीको रुपमा देखिएको लम्पी स्किन रोगलाई नियन्त्रण गर्न समेत सफलता प्राप्त भएको छ ।

### उद्योग तथा पर्यटन तर्फ

चालु आर्थिक वर्षमा ५६ जना लघु उद्यमीहरुले स्तरोन्नती तालिम तथा प्रविधि प्राप्त गरेका छन् भने ८० जना नयाँ उद्यमी सिर्जना भएका छन् । जसमध्ये २६ जनाले ३ महिने सिलाईकटाई तालिम र ५४ जनाले तरकारी खेती तालिम तथा प्रविधि प्राप्त गरेका छन् । तिलामा रहेको जनयुद्ध स्मृति राष्ट्रिय संग्रहालयमा नयाँ पूर्वाधारहरु थप गरिएको छ भने सोही स्थानमा सञ्चालित त्रिवेणी अल्लो ढाका कपडा उद्योगलाई अनुदान सहायता उपलब्ध गराइएको छ ।

### सहकारी तथा रोजगार तर्फ

चालु आर्थिक वर्षमा गाउँपालिकाका १९ वटा सहकारी मध्ये ५ वटा सहकारीहरुसँग समन्वय गरी युवा स्वरोजगारीका लागि आयआर्जनका लागि विभिन्न कार्यहरु सञ्चालन गरिएको छ । कृषि सहकारीहरु मार्फत किसानहरुलाई सहुलियतमा रासायनिक मल उपलब्ध गराइएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत गाउँपालिकाका १०९ जना व्यक्तिहरुको लागि १०० दिनको रोजगारी सिर्जना गरिएको छ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापनको क्षेत्रमा भएका उपलब्धी

### वन तथा वातावरण संरक्षण तर्फ

गाउँपालिकाको वडा नं. ४ र ५ मा वरपिपल संरक्षण सम्बन्धी कार्य गरिएको छ । गाउँपालिकाको वडा नं. ४ का विभिन्न खाली क्षेत्रमा वृक्षारोपण र वडा नं. ५ को जुगारमा मेलको रुखमा नास्पती कलमी कमर्यक्रम सञ्चालन गरिएको छ ।

### जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन तर्फ

चालु आर्थिक वर्षको हालसम्म १०६ घरधुरीले जनही रु. ५०,०००।- अनुदान रकमबाट फुसको छानो विस्थापन गरी सुरक्षित आवास निर्माण गरेका छन् । मनसुनजन्य विपद्मा परेका १२ घरधुरीले जनही रु. ४,००,००।- प्राप्त गरी घर पुनःनिर्माणको कार्यसम्पन्न गरेका छन् । त्यसैगरी गाउँपालिकाबाट विपद् पिडित २६ जना व्यक्तिहरुले जनही रु. १०,०००।- का दरले आर्थिक सहयोग प्राप्त गरेका छन् भने विपद् पिडित ६७ जना परिवारहरुलाई राहतको लागि जिल्ला प्रशासन कार्यालय लिबाङ, रोल्पामा सिफारिस गरिएको छ ।

## सुशासन तथा संस्थागत विकासको क्षेत्रमा भएका उपलब्धी

### सुशासन प्रवर्द्धन तर्फ

चालु आर्थिक वर्षमा सुशासन प्रवर्द्धनको लागि सो क्षेत्रमा उल्लेखनीय कार्य गरेका स्थानीय तहको भ्रमण सम्पन्न गरिएको छ भने गाउँपालिका र सातवटै वडामा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिएको छ । आगामी आर्थिक वर्षको नीति, बजेट तथा कार्यक्रम तर्जुमाको लागि सरोकारवालाहरुबाट राय सुझाव संकलन कार्यक्रम आयोजना गरिएको छ ।

### कानूनी व्यवस्था तर्फ

चालु आर्थिक वर्षमा गाउँपालिकाले आर्थिक ऐन, विनियोजन ऐन तर्जुमा गरेको छ भने गाउँ शिक्षा ऐनको दोस्रो संशोधन तथा साझेदारी नीति तर्जुमा समेत गरिएको छ । साथै राजश्व सुधार कार्ययोजना, कृषि विकास गुरुयोजना लगायतका कानूनहरु कार्यान्वयनको चरणमा रहेका छन् ।

### राजश्व परिचालन तर्फ

चालु आर्थिक वर्षको जेठ मसान्तसम्म गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय तर्फ गरी कुल रु. ६६,००,०००/- राजश्व संकलन भएको छ । कुल रु. ६,७५,९५२.५५ राजश्व संकलन गरी वडा कार्यालय तर्फ वडा नं. ७ पहिलो स्थानमा रहेको छ । गाउँपालिकाका सातवटै वडामा अनलाईन पद्धतिबाट व्यक्तिगत घटना दर्ता र मालपोत कर तथा अन्य कर संकलन गर्ने गरिएको छ । राजश्व सुधार कार्ययोजना निर्माणाधीन अवस्थामा रहेको छ । गाउँपालिकाले आवश्यक कानूनको तर्जुमा गरी 'घ' वर्गको निर्माण व्यवसायी प्रमाण-पत्र जारी गर्दै आइरहेको छ ।

### संगठन संरचना तथा सामान्य प्रशासन तर्फ

गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याइएको छ । त्यसैगरी गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयमा रिक्त रहेका विभिन्न पदमा पदपूर्तीको लागि प्रदेश लोक सेवा आयोगमा माग गरिएको छ भने केही कर्मचारीहरुलाई सेवा करारमा पदपूर्ती गरी प्रभावकारी सार्वजनिक सेवा व्यवस्थापन गरिएको छ । यस गाउँपालिकाले गत आर्थिक वर्षको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा ७६.२५ अंक, वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा ६१.५ अङ्क र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (JESI) मा ८७.५ अङ्क प्राप्त गरेको छ ।

### सार्वजनिक निजी साझेदारी एवं समन्वय तर्फ

नवप्रवर्तन साझेदारी कोष कार्यक्रम अन्तर्गत मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश र यस त्रिवेणी गाउँपालिकाले साझेदारी गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्धनको लागि अबका महिला: उम्दा महिला परियोजना सञ्चालन गरिएको छ । त्यसैगरी यस त्रिवेणी गाउँपालिका र माडी गाउँपालिकाको गाउँ कार्यपालिकाको संयुक्त बैठक बसी जगरबोट झिनुवाँ घर्तीगाउँ सडक कालोपत्रे लगायत द्विक्षीय विकासका विभिन्न विषयमा छलफल गरी साझेदारी गर्ने निर्णय समेत पारित भएको छ ।

# आगामी आ.व. २०८०/०८१ को प्रमुख नीति तथा कार्यक्रमहरु

सभाध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु-

**सोंच :**

- सामाजिक न्यायसहितको आर्थिक विकास, न्यायोचित वितरणसहितको आर्थिक समृद्धि हाँसिल गरी समुन्नत गाउँपालिकाको निर्माण गर्ने ।

**लक्ष्य :**

- दीगो, एकीकृत र सन्तुलित विकासका माध्यमबाट सम्पूर्ण त्रिवेणीबासी जनताको जीवनस्तरमा गुणात्मक सुधार ल्याउने ।

**उद्देश्य :**

- तुलनात्मक लाभका क्षेत्रमा लगानी केन्द्रित गरी आधुनिकीकरण सहितको कृषि व्यवसाय, पशुपंक्षीपालन तथा जडिबुटी उत्पादन, संरक्षण तथा बजारीकरणलाई प्रवर्द्धन गर्ने ।
- विद्यालयको शिक्षण पद्धति तथा शैक्षिक पूर्वाधारको समयानुकुल सुदृढीकरण गरी दक्ष र प्रतिष्पर्धी जनशक्ति उत्पादन गर्ने ।
- आर्थिक र सामाजिक रुपमा पछाडी परेका वर्ग तथा समुदायको सशक्तिकरण, समावेशीकरण तथा मूलप्रवाहीकरणलाई विशेष जोड दिई कार्यक्रम सञ्चालन गर्ने ।
- सम्पूर्ण त्रिवेणीबासी जनतालाई गुणस्तरीय शिक्षा, प्रभावकारी आधारभूत स्वास्थ्य, स्वच्छ खानेपानी, विद्युतीय उर्जाको सुनिश्चिता गर्ने ।
- रणनीतिक एवं दिगो पूर्वाधार विकासको अवधारणालाई अवलम्बन गर्ने ।
- सुशासन सहितको प्रविधिमैत्री तथा प्रभावकारी सार्वजनिक सेवा प्रवाहको व्यवस्थापन गर्ने ।

**अपेक्षित उपलब्धी :**

- कृषकहरु तुलनात्मक रुपमा उच्च प्रतिफल दिने तथा अर्गानिक कृषि उपजको उत्पादनमा आकर्षित भई कृषि क्षेत्रले आर्थिक क्रियाकलापहरुलाई चलायमान बनाउनेछ ।
- सबै विद्यालयहरुमा शिक्षण सिकाईका नविनतम पद्धति तथा प्रविधि कार्यान्वयनमा आई बालबालिकाहरुले गुणस्तरीय, प्रविधिमैत्री, जीवनोपयोगी र प्रतिष्पर्धी क्षमता सहितको व्यवहारिक शिक्षा प्राप्त गरेका हुनेछन् ।
- आर्थिक तथा सामाजिक रुपले पछाडी परेका महिला, जनजाति, दलित, अपाङ्गता भएका व्यक्तिहरुको जीवनस्तरमा गुणात्मक परिवर्तन हुनुका साथै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्थामा सुधार भएको हुनेछ ।
- पालिकाको केन्द्र जोड्ने मुख्य पहुँच मार्गहरुमा कालोपत्रे विस्तार हुनुको साथै हाल विद्यमान सडक सञ्जालको स्तरोन्नती हुनेछ । बाह्रै महिना सबै वडामा पुग्ने मोटरबाटोमा कुनै अवरोध हुनेछैन ।
- विकट टोलबस्तीहरुमा समेत स्वच्छ खानेपानीको आपूर्ती व्यवस्था हुनेछ भने खेतीयोग्य जमिनमा सिंचाईको पहुँचमा वृद्धि भएको हुनेछ ।

- गाउँपालिकाका अधिकतम घरधुरीमा विद्युतीकरणको कार्य सम्पन्न भई केही वडालाई उज्यालो वडा घोषणा गरिनेछ ।
- प्रविधिमैत्री सेवा, एकिकृत घुम्ती सेवा, चुस्त प्रशासनिक सेवाको माध्यमबाट जनताको घरदैलोमा स्थानीय सरकारको अनुभूति दिलाइनेछ ।
- सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, गुनासो सुनुवाई, सेवाग्राही सन्तुष्टी सर्भेक्षणको माध्यमबाट सुशासनमा अभिवृद्धि गरिनेछ ।

**नीति तथा कार्यक्रम प्राथमिकताहरु**

- उत्पादनमूलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने,
- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने,
- समृद्ध गाउँपालिका निर्माणका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने,
- जनताको जीवनस्तर, रोजगारी तथा आम्दानीमा वृद्धि हुने र आत्मनिर्भर बनाउने,
- लैङ्गिक समानता, सामाजिक समावेशीकरणको अभिवृद्धि हुने,
- दिगो विकास, वातावरण संरक्षण र विपद् व्यवस्थापनमा योगदान पुर्याउने,
- स्थानीय श्रोत साधन र साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि गर्ने,
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने,
- गाउँपालिकालाई उत्पादन विशेषमा आत्मनिर्भर बनाई पहिचान प्रवर्द्धन गर्ने विषयहरू,
- जनताको प्रत्यक्ष सरोकारका क्षेत्रहरू तथा गाउँपालिकाले आवश्यक देखेका अन्य विषयहरू ।

# विषय क्षेत्र तथा उप-क्षेत्रगत नीति तथा कार्यक्रम

**आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम**

१. स्थानीय आर्थिक विकासलाई योजनावद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ । यस अन्तर्गत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरणसम्म) मा गाउँपालिका, निजीक्षेत्र, सहकारी र समुदाय समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तर्गतका कार्यक्रमहरू सञ्चालन गरिनेछन् ।

२. उल्लेखित स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र व्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा व्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र, सहकारी र समुदाय समेतको सहभागिता रहने गरी एक स्थानीय आर्थिक विकास सम्वाद मञ्च गठन गर्नेछ ।

२. नवप्रवर्तन र उद्यमशीलता प्रवर्द्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तर्गत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तीय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नवउद्यमशीलता प्रवर्द्धन र विशिष्टिकृत वस्तुको उत्पादन तथा बजारीकरण समेटिनेछन् ।

**क. कृषि सम्बन्धी**

- रैथाने बालीहरुको बिउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ । गाउँपालिका भ्रमण गर्ने यात्रु तथा आन्तरिक र बाह्य पर्यटकहरुलाई स्थानीय परिकारको ब्रान्डिङ गर्दै खाना उपलब्ध गराइनेछ ।
- उत्पादन लागत, थोक तथा खुद्रा मुल्य विश्लेशण गर्दै विचौलियाबाट उत्पादक माथि हुने ठगी तथा शोषण नियन्त्रणका लागि गाउँपालिकाभित्र मुख्य कृषि उपजको समर्थन मुल्य निर्धारण तथा बजारमा हुने मागको जोखिमलाई न्यूनीकरण गर्न व्यावसायिक कृषकका लागि तोकिएको मुल्यमा गाउँपालिकाले बिक्री हुन नसकेको उत्पादन किन्ने ग्यारेन्टी (Buy Back Guarantee) को लागि सम्भाव्यता अध्ययन गरिनेछ । सो कार्य गर्न गाउँ कार्यपालिकाबाट अध्ययन कार्यदल गठन गरिनेछ ।
- **कृषिमा पहिचान, कृषिमा स्वाभिमान**को नीति अनुरुप कृषि पेशालाई वैज्ञानिक, सम्मानित, मर्यादित, टिकाउ र व्यावसायिक बनाउने रणनीति लिइनेछ । रणनीति कार्यान्वयन गर्न उत्पादनमा आधारित अनुदान, प्रोत्साहन तथा लागत साझेदारी कार्यक्रम सञ्चालन गर्ने कार्यनीति अवलम्बन गरिनेछ ।
- कृषि उपजको बजारीकरणमा सहकारी क्षेत्रलाई आवद्ध गरिनेछ । आफ्ना उत्पादनहरुलाई संकलन केन्द्रसम्म पुर्‍याएका कृषकलाई प्रति के.जी. १५ पैसाको दरले **उत्पादनमा आधारित प्रोत्साहन** उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।
- खेतीबाली तथा उत्पादनलाई राम्रो बनाउनको लागि माटोको अवस्था सुधार गर्नपर्ने देखिएको साथै यस गाउँपालिकाको माटोको गुणस्तर खस्किदै गएको हुँदा माटो सुधार कार्यक्रम सञ्चालनमा ल्याइनेछ । प्रत्येक वडामा शिविर सञ्चालन गरी त्यहाँको लागि उपयुक्त हुने बालीको सिफारिस गर्ने व्यवस्था मिलाइनेछ ।

- व्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विद्युतिकरण, कृषि बजार, गोदाम घरहरुको पूर्वाधार निर्माण गरिनेछ । दहवनस्थित कोल्ड स्टोर सञ्चालनको लागि सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।
- कृषकहरुलाई सर्वसुलभ र सहज रुपमा बिउबिजन र रासायनिक मल उपलब्ध हुने व्यवस्था मिलाइनेछ । गाउँपालिकाका कृषि हाट बजारलाई सुदृढीकरण गरिनेछ ।
- गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउदै निर्यातमुखी कृषि उत्पादनमा जोड दिन रणनीतिक कृषि प्रणालीको विकास तथा तुलनात्मक लाभका क्षेत्रहरु पहिचान गरी प्रतिष्पर्धात्मक क्षमता भएका कृषि उत्पादनमा जोड दिइनेछ ।
- कृषि पकेट क्षेत्र विस्तारको लागि एक वडा एक उत्पादन क्लष्टर खेतीलाई प्राथमिकतामा राखिनेछ । उच्च मुल्यका फलफुल, तरकारी तथा अन्नबालीको पकेट क्षेत्र पहिचान तथा सघन कृषि क्षेत्र निर्धारण गरिनेछ । यस वर्ष लसुन र आलु खेती कार्यक्रम सञ्चालन गरिनेछ ।
- सिंचाई सुविधा नपुगेको खेतीयोग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउनको लागि साना सिंचाई तथा सहकारी सिंचाई कार्यक्रम सञ्चालन गरिनेछ । कृषकहरुको लागि अन्तर जिल्लास्तरीय कृषि अध्ययन तथा अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।
- खेतीयोग्य जमिनको खण्डीकरणलाई निरुत्साहित गरिनेछ । बागवानी कार्यक्रमलाई लक्षित गरी उत्पादनयोग्य बाँझो जग्गामा फलफूल खेती गरिनेछ । खेतीयोग्य जमिनलाई बाँझो राख्ने जग्गाधनीलाई आर्थिक जरिमाना गरिनेछ ।
- रासायनिक विषादीको प्रयोगलाई निरुत्साहित गर्दै जैविक उपचार विधि, जैविक मल निर्माण तथा अर्गानिक खेति पद्धतिको विकास गर्न कृषकहरुलाई आवश्यक तालिमको व्यवस्था मिलाइनेछ । त्रिवेणी गाउँपालिकाको कम्तिमा एक वडालाई अर्गानिक तरकारी उत्पादन पकेट क्षेत्रको रुपमा विकास गरिनेछ ।
- किसानहरुले उन्नत बिउबिजन भनी खरिद गरेका बिउहरुबाट समेत प्रयाप्त प्रतिफल नआएकोले यस क्षेत्रको प्रमुख खाद्यान्न बालीको रुपमा रहेको मकै र आलुको बिउ उत्पादनमा गाउँपालिकालाई आत्मनिर्भर बनाउन बिउ उत्पादन सहयोग कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- जुगार र बुढागाउँमा खेती हुने जुगारी चामलको उत्पादन प्रवर्द्धन तथा प्रचारप्रसारको लागि **जुगारी धान, त्रिवेणीको पहिचान** कार्यक्रम सञ्चालन गरिनेछ । **आफ्नो उत्पादन, आफ्नै उपयोग** भन्ने मुल नाराका साथ उद्यम विकास कार्यक्रम मार्फत गाउँपालिकामा कोशेली घर सञ्चालन गरी स्थानीय उत्पादनको बजारीकरण गरिनेछ ।
- प्रत्येक घरधुरीले आफ्नो जग्गाभित्र अनिवार्य रुपमा कम्तिमा २० वटा फलफूलका बिरुवा र व्यावसायिक कृषकहरुले प्रत्येक वर्ष थप २० वटा सदाबहार डालेघाँसका बिरुवा रोप्नुपर्नेछ । यस वर्षको लागि उक्त कार्यक्रम वडा नं. ४ बाट शुरु गरिनेछ ।
- कृषि उत्पादनको मुल्य श्रृंखलाको विकासलाई थप प्रभावकारी बनाउन कृषि उपजको बजारीकरणका लागि कृषि बजार प्रणाली सप्टवेयर निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- गाउँपालिकाका सञ्चालनमा रहेका हाटबजारबाट निकासी कर संकलन, नापतौल र लोड अनलोड गर्ने कार्यको प्रभावकारी अनुगमन तथा नियमन गरिनेछ ।
- कृषि सामग्री वितरणलाई व्यवस्थित गरिनेछ । भाँगोलाई व्यवसायिक रुपमा उत्पादन गरिनेछ ।

## ख. पशुपंक्षी सम्बन्धी

- पशु सेवा केन्द्र तथा वडास्थित पशु/कृषि कार्यक्रम कार्यन्वयन इकाईहरुबाट बाह्रै महिना पशु स्वास्थ्यसँग सम्बन्धित औषधीहरु कृषकहरुले खोजेकै समयमा सर्वसुलभ र निःशुल्क रुपमा उपलब्ध गराउन सकिने गरी औषधी खरिद तथा भण्डार गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- **पौरखी किसानको हात, स्थानीय सरकारको साथ** भन्ने मुल नारा लिई गाउँपालिकालाई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउन दुग्ध प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । जस अन्तर्गत कार्यविधि बनाई अति विपन्न गरिब किसानहरुलाई व्यवसाय सञ्चालन गर्न गाई भैंसी खरिदमा अनुदानको व्यवस्था मिलाइनेछ । राँगो वितरण गरिनेछ ।
- स्थानीय जातका गाई तथा भैंसीको नश्ल सुधार गरी हावापानी सुहाउँदो उन्नत जातको विकास गर्न कृतिम गर्भाधारण सेवा सञ्चालनमा ल्याइनेछ । साथै कृषकहरुलाई प्रतिलिटर दुध उत्पादन गरेवापत रु. १ का दरले उत्पादन प्रोत्साहन उपलब्ध गराइनेछ ।
- त्रिवेणी गाउँपालिका भित्र दुध तथा दुग्धजन्य उद्योग सञ्चालन, भण्डारण तथा बजारीकरणको लागि वडास्तरमा क्रमशः साना दुग्ध संकलन केन्द्र स्थापना गरिनेछ ।
- घाँसमा आधारित पशुपालन व्यवसायमा उत्पादन लागत कम गर्न हिउँदे र बहुवर्षे घाँसको बिउ वितरण कार्यक्रम सञ्चालन गरिनेछ भने घाँस स्रोत केन्द्रको स्थापना समेत गरिनेछ ।
- गाउँपालिका भित्रका कृषकहरुको खण्डिकृत/वर्गिकृत एवं विस्तृत तथ्याङ्क तयारी गरी विद्युतीय सूचना प्रणाली विकास गरिनेछ । कृषि अनुदानलाई व्यवस्थित र प्रभावकारी बनाउन कृषकहरुको तथ्यांक संकलन, वर्गिकरण तथा सूचीकरण गरी **किसान परिचय-पत्र** दिइनेछ ।
- एक वडा एक कृषि प्राविधिक (ओ.भी.ओ.टी.) कार्यक्रमलाई व्यवस्थित बनाउन कार्यविधि निर्माण गरी कृषि विकास तथा पशु सेवातर्फका प्राविधिकहरुबाट कृषकको कार्यस्थलमै आवश्यक सेवा दिन **कृषकसँग कृषि प्राविधिक कार्यक्रम** सञ्चालन गरिनेछ ।
- कृषि उपजको आयात प्रतिस्थापनको नीति लिई कृषि तथा पशुपालनलाई आधुनिक प्रविधिमा आधारित तुल्याउँदै व्यावसायीकरण गरिनेछ । यसका लागि मिनि ट्रेलर, पावर स्पेयर, च्यापकटर, थ्रेसर, ब्रस कटर, मिल्क क्यान जस्ता आधुनिक कृषि औजारहरुमा अनुदानको व्यवस्था गरिनेछ ।
- सबै कृषकहरुलाई कृषक समूह तथा कृषि सहकारीहरुमा आवद्ध हुन प्रेरित गरिनेछ । अनुदानको लागि मात्र समूह दर्ता गर्ने परिपाटीलाई निरुत्साहित गरिनेछ । समूहको दर्ता र नविकरण प्रक्रियालाई थप सहज र व्यवस्थित बनाइनेछ ।
- कृषि तथा पशुपंक्षी क्षेत्रमा हुने जोखिमलाई न्यूनीकरण गरी कृषकहरुको संरक्षण गर्न बाली तथा पशुपंक्षीहरुमा बिमा कार्यक्रम लागु गरिनेछ । उक्त कार्यक्रम अन्तर्गत कृषकले व्यहोर्नु पर्ने २० प्रतिशत रकमको ५० प्रतिशत अंश गाउँपालिकाले व्यहोर्नेछ ।
- व्यक्तिगत, सहकारी तथा सामुहिक साझेदारीमा कुखुरा, बाख्रा, बंगुर, भैंसी, मौरी तथा माछा लगायतको पशुपंक्षी पालनको व्यवस्था गरी स्वरोजगारी श्रृजना गर्ने तथा निर्वाहमुखी कृषि पद्धतिलाई स्तरोन्नती गरी अर्थोपार्जन तर्फ उन्मुख गराइने अभियान सञ्चालन गरिनेछ ।
- कृषि तथा पशुपंक्षी उत्पादनको स्वच्छता तथा गुणस्तर कायम राख्न आवधिक रुपमा बजार तथा बिक्री केन्द्रको अनुगमन र नियमनका कार्यक्रमहरु सञ्चालन गरिनेछ । मासु पसल तथा बधशालाहरुको पूर्वाधार स्तरोन्नती गरी स्वास्थ्य मापदण्डमा आधारित तुल्याइनेछ ।

- गाउँपालिकाका सातवटै वडाका विभिन्न टोलबस्तीमा पशु तथा पशुजन्य रोगबाट हुने क्षति न्यूनिकरणका लागि आवधिक रुपमा पशुपंक्षी स्वास्थ्य चेकजाँच तथा उपचार घुम्ति शिविर तथा खोप कार्यक्रम सञ्चालन गरिनेछ ।
- कृषकहरुको भेडा बाखामा हुने संक्रमण तथा बाह्य परजीवि नियन्त्रणका लागि एक वडा एक फोल्डिङ डिपिङ ट्याङ्क निर्माण कार्य सञ्चालनको लागि आवश्यक पहल गरिनेछ ।
- पशुपालन व्यवसायमा विविधीकरण तथा व्यवसायीकरण गर्न पशु तथा कृषिको प्रदर्शनी आयोजना गरी **उत्कृष्ट कृषक प्रोत्साहन** कार्यक्रम सञ्चालन गरिनेछ । ग्रामीण कुखुरापालन व्यवसायलाई प्रोत्साहन दिइनेछ ।

## ग. उद्योग, वाणिज्य, रोजगारी तथा वित्तीय क्षेत्र सम्बन्धी

- औद्योगिक तथा व्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघसँग साझेदारीको नीति लिइनेछ । औद्योगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ ।
- **उद्यम विकास कार्यक्रम** मार्फत गाउँपालिकामा रोजगारी सिर्जना गरी गरिबी न्यूनिकरण गर्न महत्वपूर्ण योगदान पुऱ्याउने स्थानीय कच्चा पदार्थमा आधारित उद्योग तथा व्यवसायहरुलाई प्रोत्साहत गर्ने नीतिको अवलम्बन गरिनेछ ।
- **उद्यमशिलता विकास कार्यक्रम** मार्फत बेरोजगार युवाहरुलाई परिचालन गरी गाउँपालिकाका कृषकहरुका कृषि तथा पशुपंक्षी सम्बन्धी व्यवसायको स्तरीकरण सहयोग गरी प्रतिष्पर्धात्मक वस्तुहरुको व्यावसायिक उत्पादन र बजारीकरण गरिनेछ । यस कार्यक्रमको लागि विभिन्न गैरसरकारी संस्थाहरुसँग साझेदारी गरिनेछ ।
- लगानीमैत्री नीति तथा औद्योगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति लिइनेछ । गाउँपालिकामा सार्वजनिक निजी साझेदारीमा **औद्योगिक ग्राम** सञ्चालन गर्न र प्रत्येक वडामा साना उद्योग स्थापना गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- **आफ्नै श्रोत साधनको पहिचानः आफ्नै श्रम र सीपको सम्मान** कार्यक्रम मार्फत आन्तरिक उत्पादनलाई बढवा दिई आयात प्रतिस्थापन गर्ने नीतिको अवलम्बन गरिनेछ । **निर्यातलाई प्रवर्द्धन गरिनेछ ।**
- **रोजगारी सिर्जना**का लागि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । वडास्तरमा प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ । सबै सूचीकृत बेरोजगार व्यक्तिहरुलाई परिचयपत्र वितरण गरिनेछ ।
- वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा गई विशिष्ट सीप तथा दक्षता हाँसिल गरेर फर्केका युवा जनशक्तिलाई उनीहरुले ल्याएको रेमिट्यान्सको उपयोग समेत हुने गरी आयमूलक तथा सीपमूलक कार्यक्रम सञ्चालनका लागि प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकामा उपलब्ध हुने कच्चा पदार्थलाई प्रयोग गरी सञ्चालनमा ल्याइएका घरेलु र साना उद्योगहरुलाई प्रवर्द्धन गर्न तथा नयाँ उद्योगहरु स्थापनाको लागि आवश्यक पूर्वाधार विकास, तालिम, सहुलियत तथा बजेटको व्यवस्था गरिनेछ । तिला र करेटी स्थित ढाका कपडा उद्योगलाई सुदृढीकरण गरिनेछ ।

- सुरक्षित आप्रवासन (सामी) परियोजना मार्फत वित्तीय साक्षरता शिक्षालाई अभियानका रुपमा सञ्चालनका साथै वैदेशिक रोजगारीमा गएका युवाहरुको तथ्याङ्क संकलन तथा विश्लेषण गरी वैदेशिक रोजगारको रेखाङ्कन गरिनेछ ।
- वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुलाई आवश्यक सूचनाहरु उपलब्ध गराउने व्यवस्था मिलाइनेछ । साथै वैदेशिक रोजगार बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण कार्यमा सहजिकरण गरिनेछ ।
- मदिराजन्य पदार्थको सेवन तथा बेचबिखनलाई निरुत्साहन गरिनेछ । खाद्यवस्तु, सुर्तीजन्य, मदिराजन्य तथा विषादीजन्य वस्तुको एकै स्थानबाट बिक्रि वितरण गर्ने तथा खुला मासुजन्य वस्तु बिक्रिवितरण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।
- सीपमूलक तथा व्यवसायोन्मुख तालिम पाएका लघु उद्यमीहरुको समूह निर्माण गरी स्तरोन्नती गरिनेछ । उद्यमीहरुको वित्तीय तथा उपयुक्त प्रविधिमा पहुँच सुनिश्चित गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । अगुवा उद्यमीहरुलाई पुरस्कार तथा सम्मानको व्यवस्था गरिनेछ ।
- व्यावसायिक सोंचको विकास सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । उद्यमीहरुको घरधुरी सर्वेक्षण गरी तथ्यांक अद्यावधिक गरिनेछ ।
- उपभोक्ताको हकहित तथा अधिकार संरक्षण र प्रवर्द्धन गर्न बजार अनुगमन गरी उपभोक्ताको हित विपरित क्रियाकलापमा संलग्नलाई कारबाहीको दायरामा ल्याइनेछ ।
- उद्यमको लागि सहकारी मार्फत लगानी गर्न कोषको स्थापना गर्न पहल गरिनेछ । साथै सहकारी, लघुवित्त तथा वित्तीय संस्थाहरुको ऋण लगानी तथा अन्य सेवा प्रवाहको सम्बन्धमा गाउँपालिकाबाट अनुगमन तथा नियमन सम्बन्धी आवश्यक व्यवस्था मिलाइनेछ ।
- लघुवित्तीय संस्थाहरुबाट जथाभावी रुपमा ऋण लिने र लगानी गर्ने कार्यलाई नियमन गरिनेछ । लघुवित्तीय ऋणको विकल्पको रुपमा सहुलियत ब्याजदरमा उत्पादनमुखी क्रियाकलाप सञ्चालनको लागि बिउ पूँजीको लागि घुम्ति कोष खडा गरी सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार र निजहरुको हित प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । एक घर एक रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।
- युवा रोजगारी मार्फत गाउँपालिकामा उत्पादित मकैबाट कर्नफ्लेक्स तयार गरी बजारीकरण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- निजी क्षेत्र, गैरसरकारी संस्था, समाजसेवी व्यक्ति लगायतको सहयोगमा व्यवसाय सञ्चालन आयआर्जन कोष खडा गरी परिचालन गरिनेछ । साथै त्यस्ता दानी व्यक्ति तथा संस्थाहरुलाई गाउँपालिकाबाट सम्मान गरिनेछ ।

### घ. पर्यटन सम्बन्धी

- पर्यटन मार्फत आर्थिक समृद्धि हाँसिल गर्न पर्यटन गुरुयोजना निर्माण गरी सोही आधारमा डि.पि.आर. तयार गरी पर्यटन पूर्वाधार निर्माणका कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै गाउँपालिकाका बहुआयामिक सम्भावनायुक्त पर्यटकीय क्षेत्रको जिल्ला, प्रदेश हुँदै देश र विदेशमा प्रचारप्रसार गर्न **भिडियो डकुमेन्ट्री निर्माण** गरिनेछ ।

- अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुशरण गरी पर्यटन प्रवर्द्धन गर्न गाउँपालिका तथा नगरपालिकासँग भगिनी सम्बन्ध विस्तार गरिनेछ ।
- अन्तरिक पर्यटन प्रवर्द्धन गर्न तथा ग्रामीण क्षेत्रको आयआर्जनमा वृद्धि गर्न गाउँपालिकाको हाञ्जाबाङ र त्रिवेणीमा होम स्टे सञ्चालन गरिनेछ ।
- तिलास्थित सशस्त्र प्रहरी बेस क्याम्पसँग समन्वय गरी जनयुद्ध स्मृति राष्ट्रिय संग्रहालयको प्रचारप्रसार मार्फत आन्तरिक पर्यटकलाई आकर्षित गरी स्थानीय रोजगारी सिर्जना तथा गाउँपालिकाको राजश्वमा वृद्धि गरिनेछ ।
- गाउँपालिकाका विभिन्न रमणीय, दर्शनीय तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण स्थलहरुमा आधारभूत पूर्वाधारको विस्तार गरिनेछ । साँस्कृतिक महत्व बोकेका मन्दिर तथा धार्मिक क्षेत्रको संरक्षण गरिनेछ ।
- गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचारप्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोसरहरुको वितरण गरिनेछ । मुख्य स्थान, चोक र गाउँपालिका प्रवेशद्वारहरुमा पर्यटकीय क्षेत्रको परिचय सहित पर्यटक आकर्षण गर्न डिजिटल डिप्ले राखिनेछ ।
- गाउँपालिकाका शिवगुफा, लभपार्क, धनखानी, पैयुँचौर, गामाकोटको बराह क्षेत्र, चबीचौर, मोराबाङ, भुतछहरा गुफा, बयलडाँडा, चौरपानी, द्वारपानी, निगालपानी गुप्ती दह, काग्रिथाना, थुर्पा लेक, चोलिफिजे, शिव मन्दिर-ताराखोला, जयबाबा मन्दिर, तिखिनभिर सिद्धडरा, बख्खुर र टप पार्कलाई **प्रकृतिमा आधारित ग्रामीण पर्यटकीय गन्तव्य**को रुपमा विकास गरिनेछ ।

## ङ. सहकारी सम्बन्धी

- गाउँपालिकाभित्र स्थापना हुने कृषि समूह, निजी फर्म र सहकारीहरुको दर्ता, कार्य क्षेत्र अनुमति सञ्चालन, नियमन जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ ।
- सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निक्षपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ । विषयगत सहकारीलाई सो क्षेत्रमा केन्द्रित भै लगानी गनुपर्ने नीतिलाई कठोर रूपमा कार्यान्वयन गरिनेछ ।
- उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा बिउ पूँजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनको आधारमा अनुदान दिने नीति लिइनेछ ।
- सहकारीको मूल्यमान्यतामा आधारित भई रोजगारी सिर्जना, पूँजी परिचालन र सेवा प्रवाहको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने सहकारी संस्थालाई प्रोत्साहन गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- सहकारी संस्थाहरुको क्षमता विकास गरी कृषि उपजहरुको व्यावसायिक उत्पादन, डेरी उद्योगका साथै पशुपंक्षी तथा मत्स्यपालनमा लगानी परिचालन गर्न सहजीकरण गरिनेछ ।
- विभिन्न गैरसरकारी संस्थाहरुबाट विपन्न नागरिकहरुको आयआर्जनमा सहयोग गर्न सहकारी संस्थाहरुमा स्थापना गरिएको कोषको प्रभावकारी परिचालन तथा नियमन गरिनेछ । सहकारी संस्थाहरुले सो कोषको सञ्चालन र परिचालन नगरेमा गाउँपालिकाबाट असुल उपर गरिनेछ ।
- गैरसरकारी संस्थाबाट सहकारी संस्थामा स्थापना गरिएका विपन्न व्यक्तिहरुको आयआर्जन कोषको रकमलाई प्रभावकारी परिचालन गरिनेछ ।

## सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. शिक्षा

- **"गाउँपालिकाको अबको लक्ष्य: उत्कृष्ट शैक्षिक गन्तव्य"** भन्ने नाराका साथ आधारभूत तथा माध्यमिक शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन गाउँपालिकाको सातवटै वडामा **एक वडा एक नमुना विद्यालय** कार्यक्रम सञ्चालन गरिनेछ। उक्त कार्यक्रम अन्तर्गत छनौट भएका विद्यालयहरुलाई गाउँपालिकाबाट दुई शैक्षिक वर्षसम्म सहयोग उपलब्ध हुनेछ र सो अवधि पश्चात अन्य विद्यालयहरुमा समेत कार्यक्रम विस्तार गर्दै लगिनेछ।
- बालबालिकाहरुमा नैतिकता, इमान्दारिता, अनुशासन र नेपाली मौलिक संस्कारको विकास गरी सुयोग्य नागरिक उत्पादन गर्नको लागि कार्यविधि निर्माण गरी गाउँपालिकाका सबै विद्यालयहरुमा **संस्कार सहितको शिक्षा कार्यक्रम** सञ्चालनमा ल्याइनेछ।
- सबै विकासको केन्द्र बिन्दु मानव विकास रहेको र मानव विकासको आधार बाल विकास भएकोले बाल विकास केन्द्र नभएका विद्यालयहरुमा बाल विकास कक्षा क्रमशः थप गरिनुका साथै बालविकास केन्द्रका पूर्वाधारको सुदृढीकरण गरिनेछ । गाउँपालिकाको प्रारम्भिक बालविकास रणनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- शैक्षिक उपलब्धी तथा कार्यसम्पादन मूल्याङ्कनको आधारमा पुरस्कार र दण्ड गर्ने पद्धतीको प्रभावकारी कार्यान्वयनका लागि विद्यालयको प्रधानाध्यापकले प्रमुख प्रशासकीय अधिकृतसँग, शिक्षकले सम्बन्धित विद्यालयको प्रधानाध्यापकसँग र विद्यार्थीहरुले पनि सम्बन्धित विषय शिक्षकसँग कार्य सम्पादन करार सम्झौता गर्ने व्यवस्था गरिनेछ। पुरस्कृत गरिनेछ।
- खुला विद्यालय शिक्षा नीति अवलम्बन गरी १५ बर्ष मुनिका Over Aged बालबालिकाहरु तथा १५ वर्ष माथिका पढ्ने चाहना भएका बालबालिकाहरुलाई **खुला तथा वैकल्पिक शिक्षा** प्रदान गरिनेछ।
- गाउँपालिकाका जेहेन्दार तथा विपन्न परिवारका छात्रछात्राहरुको प्राविधिक शिक्षामा पहुँच वृद्धि गर्न पालिकास्थित कृषि तथा पशु विज्ञानतर्फ तीन वर्षे **प्राविधिक शिक्षा अध्ययन छात्रवृति** कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकास्थित समुदायिक विद्यालयहरु मध्येबाट एस.ई.ई. मा सबैभन्दा बढी जी.पी.ए. ल्याउने एक जना छात्र र एक जना छात्रालाई उच्च शिक्षा अध्ययनका लागि **उच्च शिक्षा अध्ययन छात्रवृत्ति कार्यक्रम** सञ्चालन गरिनेछ। सम्बन्धित विद्यालयलाई समेत विशेष अवसर पारी गाउँपालिकाबाट प्रसंशा-पत्र प्रदान गरिनेछ।
- विद्यालय शिक्षा बेरोजगार उत्पादन गर्ने थलोको रुपमा विकास भैरहेको वर्तमान परिवेशमा गाउँपालिकाका सबै सामुदायिक आधारभुत, माध्यमिक विद्यालय तथा क्याम्पस तहमा **पढ्दै कमाउँदै कार्यक्रम** सञ्चालन गर्न बजेटको व्यवस्था गरिनेछ।
- अंग्रेजी माध्यमबाट शिक्षा दिन इच्छुक सामुदायिक विद्यालयलाई पूर्वाधार तथा शिक्षक दरबन्दी लगायतका कार्यमा प्रोत्साहन दिई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम गरिनेछ।
- गाउँपालिकाको एक मात्र स्नातक तहको अध्यापन हुने नव नेपाल क्याम्पसमा प्राविधिक संकाय थप गरी बहुमुखी क्याम्पसको रुपमा स्तरोन्नती गर्न, आवश्यक दक्ष जनशक्ति व्यवस्थापन तथा समयानुकुल शैक्षिक प्राज्ञिक वातावरण निर्माणको लागि आवश्यक पहल गरिनेछ । नियमित अध्ययन गर्ने विद्यार्थीलाई प्रोत्साहन गरिनेछ।

- गाउँपालिकाका सामुदायिक आ.वि., मा.वि. तथा प्राविधिक शिक्षालयहरुमा भएको शिक्षक दरबन्दीको अभावलाई परिपूर्ती गर्न लागि **चिनौं आफ्नो माटो, बनाऔं आफ्नै गाउँ** अभियान अन्तर्गत कार्यान्वयनमा ल्याइएको शिक्षण स्वयंसेवक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक विद्यालयहरुमा कार्यरत विद्यालय सहायक, बालविकास सहजकर्ता तथा कार्यालय सहयोगीको न्यूनतम् **मासिक तलब समायोजन** गरिनेछ ।
- गाउँपालिकाको स्थानीय शिक्षा पाठ्यक्रम तर्जुमा गरी लागु गरिनेछ । त्यस्तो पाठ्यक्रममा अतिरिक्त क्रियाकलाप र विविध समुदायका जातीय तथा सांस्कृतिक पहिचानहरुको बोध गराउन अवलोकन भ्रमण पद्धतिबाट अभ्यास कक्षा र प्रयोगात्मक शिक्षा दिन जोड दिइनेछ ।
- शैक्षिक क्रियाकलापहरुलाई व्यवस्थित र क्रमबद्ध बनाउन तथा विद्यालयमा विद्यार्थीहरुको अन्तरनिहित प्रतिभालाई प्रस्फुटन गर्नका लागि विद्यालयमा प्रयाप्त मात्रामा अतिरिक्त क्रियाकलापहरुको सञ्चालनको सुनिश्चितता कायम गर्न **शैक्षिक क्यालेण्डर**को निर्माण गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।
- प्रारम्भिक कक्षा पढाई शिक्षणमा सुधार गर्न गाउँपालिकाका प्रारम्भिक बाल विकासदेखि कक्षा ३ सम्मका सहजकर्ता तथा शिक्षकका लागि **प्रारम्भिक बालविकास तालिम** सञ्चालन गरिनुका साथै कक्षा व्यवस्थापन क्रियाकलापहरुको चरणवद्ध रुपमा विस्तार गरिनेछ ।
- सामुदायिक विद्यालयहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षालयका रुपमा विकास गर्ने नीति लिइनेछ । विद्यालयको आयआर्जनका दायराहरुमा वृद्धि गर्न विद्यालयमा तरकारी, फलफूल तथा जडिबुटी उत्पादनको लागि प्रोत्साहनको व्यवस्था गरिनेछ । नर्सरी तथा फार्म सञ्चालनको लागि आवश्यक अनुदानको व्यवस्था गरिनेछ ।
- शैक्षिक प्रणाली मै रूपान्तरण ल्याउन पाठ्यक्रम विकास, पठनपाठनको व्यवस्थापन, अतिरिक्त क्रियाकलाप व्यवस्थापन, शैक्षिक पात्रो व्यवस्थापन, अद्यावधिक स्रोत व्यवस्थापन, विद्यालय-अविभावक बिचको सञ्चार व्यवस्थापन, अनलाईन शिक्षण तथा सिकाइ र दस्तावेजीकरण लगायतका क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी उपयोग गर्न सबै सामुदायिक विद्यालयहरुमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) को प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- १८ वर्ष मुनीका छात्रछात्राहरुको माध्यमिक विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिनेछ । उक्त प्रतियोगिता हरेक शैक्षिक वर्षको दशै र तिहारको बिचमा गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट आयोजना गरिनेछ ।
- विद्यालय शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तथा समयानुकुल बनाउन प्रधानाध्यापक तथा विषयगत शिक्षकको क्षमता अभिवृद्धि सम्बन्धी तालिमहरु सञ्चालन गरिनेछ । कक्षा ११ र १२ अध्यापन सम्बन्धी तालिम समेत आवधिक रुपमा सञ्चालनको लागि समेत सम्बन्धित निकायमा पहल गरिनेछ ।
- कक्षा १ देखी ५ सम्मका सबै बालबालिकाको व्यक्तिगत तथा शैक्षिक विवरण उल्लेख गरी विद्यार्थी सिकाई व्यवस्थापन (मूल्यांकन) को पोर्टफोलियो निर्माण गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- शतप्रतिशत भर्ना अभियान मार्फत् भर्ना भएका विद्यार्थीहरु टिकाउनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । शतप्रतिशत विद्यालय भर्ना वडा घोषणा हुन बाँकी वडाहरुलाई आवश्यक प्रक्रिया पुऱ्याई यसै वर्ष घोषणा गरिनेछ ।

- प्राविधिक धार तथा कक्षा ११ र १२ मा शिक्षा, विज्ञान तथा मानविकी विषय सञ्चालनमा रहेका विद्यालयहरुमा देखिएको विद्यार्थी अभावलाई पूर्ति गर्न गाउँपालिकाले अन्य छिमेकी गाउँपालिकासँग समन्वय तथा सहकार्य गर्ने नीतिको अवलम्बन गरिनेछ ।
- सार्वजनिक विद्यालयहरुलाई गुणस्तरीय र जीवनोपयोगी शिक्षाको केन्द्र बनाउन विद्यालयहरुको नक्साङ्कन गरी भौगोलिक दुरी र न्यूनतम् विद्यार्थी संख्याको आधारमा समायोजन गरिनेछ । आवधिक रुपमा शिक्षक दरबन्दी मिलान गरिनेछ । दरबन्दी मिलान गर्दा घरपायकलाई प्राथमिकता दिइनेछ ।
- प्रत्येक सामुदायिक विद्यालयका कक्षा १ देखि ६ सम्मका विद्यार्थीहरुका लागि सञ्चालित दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै उक्त कार्यक्रमलाई थप व्यवस्थित बनाउन विद्यालय हाताभित्र खाजाघर (क्यान्टिन) निर्माण गर्न आवश्यक व्यवस्था मिलाइनेछ । साथै दिवा खाजामा स्थानीय स्तरमा उत्पादित खाद्य वस्तुको प्रयोगलाई अनिवार्य गरिनेछ ।
- गाउँपालिकाका माध्यमिक तथा आधारभूत विद्यालयहरुमा विज्ञान प्रयोगशाला तथा आई.सी.टी. ल्याब स्थापना कार्यक्रमलाई क्रमशः विस्तार गरी शिक्षण सिकाई क्रियाकलापलाई आधुनिक प्रविधिमा आवद्ध गर्दै लगिनेछ । **पढुवा नै अगुवा** भन्ने मुल नाराका साथ विद्यालयहरुमा वाचनालय, ई-लाइब्रेरीको व्यवस्था गरी पढ्ने संस्कृतिको विकासमा जोड गरिनेछ ।
- आधारभूत तह कक्षा ५ र ८ को वार्षिक परीक्षाको सञ्चालन, व्यवस्थापन र प्रमाणीकरण गरिनेछ । कक्षा ८, १० का विद्यार्थीहरुको नतिजा सुधारको लागि अभिभावकहरुसँग साझेदारी गरी आवासीय, अर्ध आवासीय व्यवस्था गरी अतिरिक्त कक्षा कार्यक्रम सञ्चालनमा ल्याइनेछ । कक्षा ११ र १२ को परीक्षालाई व्यवस्थित गरिनेछ ।
- ग्रामीण क्षेत्रका सामुदायिक विद्यालयहरुको सिकाई उपलब्धी कमजोर हुँदै गइरहेको अवस्थालाई सन्तुलनमा राख्न तथा विद्यालय सञ्चालनको लागि विद्यालय-समुदाय बीच प्रभावकारी साझेदारी कायम गर्न **सचेत अभिभावक हामीः गुणस्तरीय शिक्षामा लगानी** भन्ने नाराका साथ अभिभावक शिक्षा कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- टोलबस्तीहरुमा आएको जनसांख्यिक परिवतर्नको कारण क्रमिक रुपमा विद्यार्थी संख्या न्यून हुँदै गएका विद्यालयले सञ्चालनमा रहेको माथिल्लो तह स्थगित गर्न चाहेमा त्यस्ता विद्यालयको बाँकी तहको शैक्षिक तथा भौतिक सुदृढिकरणको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाभित्र सञ्चालनमा रहेका दुई वा दुईभन्दा बढी विद्यालयहरु एक आपसमा समायोजन हुन चाहेमा त्यस्ता विद्यालयहरुलाई गाउँपालिकाबाट प्रोत्साहन स्वरुप अनुदान रकमको व्यवस्था गर्ने नीतिको अवलम्बन गरिनेछ ।
- अंग्रेजी, गणित, विज्ञान र सामाजिक विषय पढ्ने विद्यार्थीको नतिजा सुधारको लागि सम्बन्धित विषयका शिक्षकले एक निःशुल्क अतिरिक्त कक्षा सञ्चालन गर्ने गरी **हामी सक्छौं** अभियान सञ्चालनमा ल्याइनेछ । तोकिएको कक्षामा शतप्रतिशत विद्यार्थी उत्तीर्ण गराउने शिक्षकलाई पुरस्कृत गरिनेछ ।
- बालश्रम, बालविवाह, बालबिज्याई तथा विद्यालय छोड्ने बालबालिकाको दर न्यूनीकरण सम्बन्धी क्रियाकलापहरुलाई विद्यालय शिक्षासँग आवद्ध गरी अगाडी बढाइनेछ । विद्यार्थीहरुलाई मनोपरामर्श दिने व्यवस्था मिलाइनेछ । परिपक्व उमेरमा बिबाह गर्ने जोडीलाई सम्मानित गरिनेछ ।

- अपाङ्गता भएका तथा सुस्त मनस्थिति भएका बालबालिकाको शिक्षाको हक सुनिश्चित गर्न एउटा स्रोत विद्यालय स्थापना गरी विशेष कक्षा सञ्चालनमा ल्याइनेछ । विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गतामैत्री संरचना निर्माण गरिनेछ ।
- सबै विद्यालयहरुमा लैङ्गिक सम्पर्क व्यक्तिको व्यवस्था, सुझाव पेटिकाको स्थापना, उजुरी तथा गुनासो सुनुवाईको व्यवस्था मिलाई **विद्यालय सुशासनका औजार**हरुलाई कडाइका साथ कार्यान्वयन गरिनेछ । विद्यालयहरुले बजेट पारित गरी कार्यान्वयन गर्नुपर्नेछ ।
- सबै सामुदायिक विद्यालयहरुलाई आर्थिक तथा प्रशासनिक अनुशासनका न्यूनतम मापदण्डलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नियमित अनुगमन, सुपरीवेक्षण गरिनुका साथै लेखापरीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक परीक्षण गर्न विद्यालयहरुलाई जवाफदेही बनाइनेछ ।
- गाउँपालिका तथा वडास्तरीय बालक्लब सञ्जालहरुलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ । विद्यालयमा रहेका बालक्लबहरुलाई परिचालन गरी बालश्रम, बालबिबाह, बालबिज्याई तथा विद्यालय छोड्ने दर न्यूनीकरण गर्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- करार कर्मचारी तथा शिक्षकहरुलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न आवश्यक कार्यविधि बनाई प्रक्रिया अगाडी बढाइनेछ ।
- विद्यालयमा वित्तीय सुशासन कायम गर्नको लागि अनलाइन लेखा तथा सम्पती व्यवस्थापन प्रणालीको विकास गरी शिक्षक तथा विद्यालय कर्मचारीहरुको पारिश्रमिक सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने प्रणाली लागु गरिनेछ ।
- शिक्षक लामो बिदा बस्दा हुने शैक्षिक क्षतीलाई पूर्ती गर्न मौज्दात शिक्षकबाट कक्षा सञ्चालन गर्दै उक्त शिक्षकले उपस्थित भएपछि अतिरिक्त कक्षा सञ्चालन गर्ने व्यवस्था गरिनेछ ।

## ग. युवा तथा खेलकुद सम्बन्धी

- युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत गराई स्वरोजगार उन्मुख गराइनेछ ।
- विपन्न, गरिब र सुकुम्बासी परिवारका युवाहरुलाई जे.सी.वी. तथा स्काभेटर चालक तालिम, इलेक्ट्रोनिक्स सामग्री मर्मत, इलेक्ट्रिसियन, ब्युटिपार्लर लगायतका तालिम प्रदान गरी जीविकोपार्जनमा सहजीकरण गरिनेछ ।
- युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सीप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिका तथा वडास्तरीय युवा सञ्जालहरुलाई पुनर्गठन गरी सक्रिय बनाइनेछ । साथै नमुना युवा गाउँसभा सञ्चालन गरी युवाहरुको सरकार सञ्चालन सीप अभिवृद्धि गराइनेछ ।
- खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार र शौचालय निर्माण तथा मर्मत सम्भार गरिनेछ । विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो व्यवस्थापन गर्दै जाने नीति लिइनेछ ।
- खेलकुदलाई स्वास्थ्य र मनोरञ्जनसँग जोड्दै गाउँपालिकामा खेलकुदको विकास र प्रवर्द्धन गर्न त्रिवेणी कप प्रतियोगिताको आयोजना गरिनेछ । खेलाडीहरुलाई बाह्य प्रतियोगितामा सहभागी हुन जानको लागि समेत आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

- गाउँपालिकाको खेलकुद क्षेत्रको विकासका लागि योजना निर्माण गरी पालिकास्तरीय छुट्टै खेलकुद विकास समिति गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसनमुक्त गराई समाजमा पुनःस्थापनाको प्रबन्ध मिलाइनेछ ।

## घ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी

- लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिबासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वञ्चितीकरणमा परेका विपन्न खस आर्य, दलित, जनजाती, अपाङ्गता भएका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक वर्ग तथा समुदायका महिलाहरुमा सशक्तिकरणको न्यूनतमस्तर सुनिश्चित गरी मूलप्रवाहीकरण तथा समावेशीकरण प्रवर्द्धन गर्न प्रदेश सरकारसँग साझेदारी गरी सञ्चालनमा ल्याइएको **अबका महिलाः उम्दा महिला परियोजना**लाई निरन्तरता दिइनेछ ।
- "हिंसा मुक्त गाउँपालिकाः हाम्रो पहिचान" अभियान सञ्चालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ । पारिवारिक हिंसाद्वारा पिडितको लागि संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला, जनजाति, दलित, अपाङ्गता भएका, अल्पसंख्यक, सिमान्तकृत वर्ग तथा अति विपन्न खस आर्यहरुलाई आयमूलक व्यवसाय सञ्चालन गर्न कार्यविधि निर्माण गरी बैंकसँग सम्झौता मार्फत **सहुलियतपूर्ण कृषि कर्जा कार्यक्रम** सञ्चालन गरिनेछ ।
- गाउँपालिकालाई बालबिबाहमुक्त स्थानीय तह घोषणा गर्न नीति तथा रणनीति तर्जुमा गरी अभियानका साथ कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सबै वडाहरुलाई आ.व. २०८०/८१ भित्र बालमैत्री वडा घोषणा गरी बालमैत्री स्थानीय शासनयसक्त गाउँपालिका घोषणा गर्ने कार्य सम्पन्न गरिनेछ ।
- महिला, दलित, जनजाती, अपाङ्गता भएका व्यक्ति, द्वन्द पिडित, लैङ्गिक तथा यौनिक अल्पसंख्यक लगायतका लक्षित वर्ग तथा समुदायका व्यक्तिहरुको हकहित संरक्षण तथा अधिकारको सुनिश्चिताका लागि **कार्यक्रम सञ्चालन** गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ ।
- बालकल्याण अधिकारी नियुक्त गरी बालबालिकाको हक अधिकार संरक्षण सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । बालश्रममुक्त स्थानीय तह घोषणाका सूचकहरुको दिगोपनाको लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ । बालश्रम मुक्त स्थानीय तहका सूचकहरुको प्रभावकारी अनुगमन तथा नियमन गरिनेछ ।
- विपन्न तथा अपाङ्गता भएका बालबालिकालाई निरन्तर रुपमा शैक्षिक सहायता प्रदान गर्दै नीति अवलम्वन गरिनेछ । आवासीय होस्टेल स्थापना गरी अभिभावक विहिन र हिंसा पिडित बालबालिकाको पढाई निरन्तरता दिन आवश्यक व्यवस्था गरिनेछ ।
- ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले जीवन निर्वाहको रुपमा अपनाई आएका परम्परागत पेशालाई व्यावसायिक उद्यमको रुपमा विकास गर्न पुँजी लगानी सहयोग गरिनेछ ।

- महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अन्य विशेष संरक्षणको आवश्यकता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गरी विवरण अद्यावधिक गरिनेछ । लैंगिक समानता तथा सामाजिक समावेशीकरणका क्षेत्रमा वडा तथा गाउँपालिका भएका विभिन्न कार्यक्रम र तिनका उपलब्धीहरुको प्रभावकारी अभिलेख खडा गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरु पहिचान गरी परिचय-पत्र वितरण गर्न सातवटै वडामा अपाङ्गता परिचय-वितरण शिविर सञ्चालन गरिनेछ । जटिल अपाङ्गता भएका व्यक्तिहरुको घरमै पुगेर अपाङ्गता परिचय-पत्र दिने व्यवस्था मिलाइनेछ । पहिचान गरिएका अपाङ्गता भएका व्यक्तिलाई अपाङ्गता सहायक सामग्रीहरु वितरण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- समाजमा विद्यमान विकृति, विसङ्गती र लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रण गर्न महिला सहकारी संस्था, आमा समूह र महिला समूह, समितिहरुको क्षमता वृद्धि गर्न अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको सामाजिक-आर्थिक विकासका लागि **वडा तथा पालिकास्तरीय महिला सञ्जाल**हरुलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ । महिला सहकारी संस्था, आमा समूह रसमितिहरुको लागि छुट्टै भवनहरु निर्माण तथा पुराना भवनको मर्मत संभार गर्ने नीतिको अवलम्बन गरिनेछ ।
- बालविवाह, लैङ्गिक हिंसा, महिला हिंसा, घरेलु हिंसा, बहुबिबाह, बालश्रम, छुवाछुत, मानव बेचबिखन तथा ओसारपसार, बोक्साबोक्सी लगायतका सबै किसिमका भेदभाव विरुद्धका विभिन्न दिवसहरुको अवसरमा सो सम्बन्धी सचेतना अभिवृद्धिका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- **उम्दा छोरी** कार्यक्रम मार्फत गाउँपालिकामा जन्मेका सबै छोरीहरुको मुद्दती खाता खोली २० वर्षको लागि पालिकाबाट रु. ५,०००/- र परिवारको तर्फबाट रु. ५,०००/- जम्मा गर्ने व्यवस्था मिलाइनेछ । साथै विद्यालयमा अध्ययनरत सबै किशोरीहरुका लागि जीवनोपयोगी सीप, आत्मरक्षा तालिम सञ्चालन गरिनेछ ।
- हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिनेछ । लैङ्गिक हिंसा पिडित महिला तथा बालबालिकाहरुलाई तत्काल उद्धार गरी सेफ हाउसमा संरक्षण प्रदान गर्ने व्यवस्था मिलाइनेछ । लैंगिक हिंसा निवारण कोषमा बजेट थप गरी अझ सुदृढ गरिनेछ ।
- सबै सरकारी तथा गैरसरकारी कार्यालयको सेवा प्रवाहलाई बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता तथा महिलामैत्री बनाइनेछ । गाउँपालिकामा सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रले भौतिक संरचनाहरु निर्माण गर्दा लैङ्गिकमैत्री, अपाङ्गमैत्री तथा बालमैत्री ढाँचामा निर्माण गर्न अनिवार्य गरिनेछ । सबै वडाहरुमा बाल उद्यानको निर्माणको लागि बजेट व्यवस्था गरिनेछ ।
- ईटाभट्टा तथा अन्य उद्योगमा जोखिमयुक्त काममा लागेका बालबालिका तथा त्यहाँ कार्यरत मजदुरका छोराछोरीहरुलाई शिक्षाको उचित पहुँच प्रदान गर्ने व्यवस्था मिलाइने गरिनेछ । हिंसापिडित बालबालिकाहरुलाई निःशुल्क अध्ययनको व्यवस्था मिलाइनेछ ।
- सबै बालक्लबहरुको बैठक व्यवस्थापन तथा स्टेसनरी खर्च व्यवस्थापनको लागि आवश्यक बजेट वा सामग्री सहायता गर्ने व्यवस्था मिलाइनेछ । बालक्लबहरु परिचालन गरी **विद्यालय सफा बनाऔं: स्वच्छ वातावरणमा रमाऔं** कार्यक्रम सञ्चालन गरिनेछ ।

- सबै वडा कार्यालय, स्वास्थ्य चौकी तथा विद्यालयहरुमा **स्यानिटरी प्याड बैंक तथा स्तनपान कक्ष**को अनिवार्य व्यवस्था गरिनेछ ।
- आर्थिक अभावका कारण पठनपाठनलाई निरन्तरता दिन वा स्वास्थ्योपचारमा समस्या भएका बालबालिकाहरुलाई तत्काल शैक्षिक तथा स्वास्थ्य सहायता उपलब्ध गराउन स्थापना गरिएको बालबालिका अक्षय कोषमा आवश्यक बजेट विनियोजन गरी **बालबालिकासँग गाउँपालिका** कार्यक्रम सञ्चालन गरिनेछ ।
- वडा बाल अधिकार समिति तथा स्थानीय बाल अधिकार समितिको बैठकलाई नियमित गरी समिति गठनका निर्दिष्ट उद्देश्य प्राप्तिको लागि क्रियाशिलता प्रदान गरिनेछ । ज्येष्ठ नागरिक गृह तथा जेष्ठ नागरिक मिलन केन्द्र निर्माणको लागि पहल गरिनेछ ।
- आवश्यक कार्यविधिको व्यवस्था गरी वडा कार्यालयहरुबाटै जेष्ठ नागरिक परिचय पत्र वितरण हुने व्यवस्था मिलाइनेछ । यसरी पहिचान गरी परिचय-पत्र वितरण गरिएका जेष्ठ नागरिकहरुले प्राप्त गर्ने विभिन्न **सहुलियत तथा छुट सुविधा पूर्ण रुपमा कार्यान्वयन** हुनको लागि निरन्तर पैरवी गरिनेछ ।
- अन्तर-पुस्ता ज्ञान, सीप र अनुभव हस्तान्तरण गर्न तथा ज्येष्ठ नागरिकहरु बीच अन्तरक्रियाको अवसर सिर्जना गर्न तथा ज्येष्ठ नागरिकको आत्मसम्मान अभिवृद्धि गर्न **ज्येष्ठ नागरिक सम्मान कार्यक्रम** सञ्चालन गरिनेछ ।
- महिला सहकारी, आमा तथा महिला समूह, समिति र विद्यालय तथा समुदायस्थित बालक्लब, वडा तथा गाउँपालिकास्थित बालक्लब सञ्जालहरुको अनुगमन तथा तिनका गतिविधिहरुको मूल्यांकन गरी पृष्ठपोषण दिने साथै सकारात्मक दिशामा समाज परिवर्तनको संवाहकका रुपमा विकास गरिनेछ ।
- महिला तथा अपाङ्गता भएका व्यक्तिहरुको उद्यमशीलता विकासका लागि निजहरुद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिनेछ । महिला र पुरुषको बिचमा समान ज्याला कायम गर्न प्रभावकारी नियमन गरिनेछ ।
- गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्ने व्यवस्था मिलाइनेछ । सो को लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- बालश्रम, बालविवाह, बहुविवाह, छुवाछुत, दाइजो प्रथा लगायतका सामाजिक कुप्रथा विरुद्धका सामाजिक अभियानहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिनेछ ।
- एकल तथा विधुवा महिलाहरुको आयआर्जन मार्फत आर्थिक तथा सामाजिक सशक्तिकरणको लागि कार्यक्रम तथा महिला र पुरुष बीचको विभेदीकरणलाई अन्त्य गर्न सम-विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

## ङ. स्वास्थ्य तथा पोषण सम्बन्धी

- नागरिकको पहुँच सुनिश्चित हुने गरी गाउँपालिका क्षेत्रभित्र चिकित्सकीय र प्रयोगशाला सेवा तथा अनुसन्धानात्मक कार्यहरू सञ्चालन गर्न अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत स्वास्थ्य केन्द्र स्थापना तथा स्तरोन्नती गरी रोकथाम, निदान र पुनर्स्थापन सेवालाई सहज र नियमित बनाइनेछ ।

- **स्वस्थ जनताः सुखी त्रिवेणीबासी** भन्ने मुल मन्त्रका साथ स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा निःशुल्क पाइने भनी नेपाल सरकारबाट घोषणा गरिएका औषधी तथा स्वास्थ्य उपकरणहरु नियमित, सहज र पर्याप्त रुपमा उपलब्ध हुने गरी खरिद, वितरण तथा भण्डारणको प्रभावकारी व्यवस्था मिलाइनेछ ।
- निर्माण कार्य प्रारम्भ गरिएको १५ शैयाको प्राथमिक अस्पतालको निर्माण कार्यलाई तिव्रता दिइनेछ । सबै स्वास्थ्य चौकी तथा आधारभूत सेवा केन्द्रको पूर्वाधार तथा उपलब्ध हुने आधारभूत स्वास्थ्य सेवालाई सुदृढीकरण गरिनेछ ।
- अत्यावश्यक स्थानमा सामुदायिक स्वास्थ्य इकाई स्थापना गरी स्वास्थ्य सेवा विस्तार गरिनेछ । साथै वडा नं. १, २ र ७ लाई लक्षित गरी सेवा प्रदान गर्न एक एम्बुलेन्स खरिद गरिनेछ ।
- नेपाल सरकारको सन् २०३० सम्म क्षयरोगलाई शुन्यमा झार्ने दिगो विकास लक्ष्यलाई मध्यनजर गर्दै त्रिवेणी गाउँपालिकामा शंकास्पद बिरामीहरुको समुदायस्तरमा खोज पड्ताल र खकार संकलन तथा परीक्षण कार्यलाई थप प्रभावकारी र व्यवस्थित गरिनेछ ।
- त्रिवेणी गाउँपाललिकाको सामुदायिक विद्यालयबाट कक्षा १ देखि +2 Science उत्तीर्ण गर्ने गाउँपालिकाबासी एक जना विद्यार्थीलाई नेपालभित्रको मेडिकल कलेजमा **एम.बि.बि.एस. अध्ययन छात्रवृत्ति** प्रदान गरिनेछ ।
- सीमान्तकृत, गरीब तथा पछाडी परेका जनसमुदायका साथै कडा र दीर्घ रोग लागेका बिरामीहरुको निःशुल्क रुपमा स्वास्थ्य बिमा हुने व्यवस्था मिलाइनेछ ।
- नसर्ने रोगको बढ्दो प्रकोप तथा जोखिमलाई कम गर्न **दीर्घ रोगीसँग जनप्रतिनिधि कार्यक्रम** सञ्चालन गरिनेछ । उक्त कार्यक्रमबाट स्वस्थकर जीवनशैली प्रवर्द्धन, भान्सा सुधारका साथै स्वास्थ्य सम्बन्धी सचेतनामूलक कार्यहरु समुदायस्तरमा पुऱ्याइनेछ ।
- गाउँपालिकामा स्थापना गरिएको विपन्न नागरिक उपचार तथा आर्थिक सहायता कोषका लागि आवश्यक रकमको व्यवस्था गरी विपन्न तथा असहाय गाउँपालिकाबासी नागरिकहरुको उपचार, उद्धार तथा पुनःस्थापनालाई प्रभावकारी बनाइनेछ । साथै उक्त सहायता वितरण गाउँ कार्यपालिकाको निर्णय बमोजिम मात्र हुने व्यवस्था मिलाइनेछ ।
- सञ्चालनमा रहेका ल्याबहरुको आवश्यक उपकरणहरुको व्यवस्था गरी सुदृढीकरण गर्नुको साथै क्रमागत रुपमा सबै स्वास्थ्य चौकीहरुमा ल्याब सेवा विस्तार गरिनेछ ।
- सार्वजनिक सेवामा विकेन्द्रीकरणको आवधारणालाई आत्मसाथ गर्दै जनताको घरदैलोमै सेवा पुऱ्याउन आवधिक रुपमा विशेषज्ञ सहितको घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ । अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा गर्भवती महिलाहरुका लागि घरदैलोमै आवश्यक परामर्शसहितको स्वास्थ्य सेवा पुऱ्याइने व्यवस्था मिलाइनेछ ।
- सबै स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुबाट प्रदान गरिदै आएको प्रसुती सेवालाई थप प्रभावकारी बनाइनेछ । सबै स्वास्थ्य संस्थाहरुबाट चौबिसै घण्टा बर्थिङ सेवा उपलब्ध हुने व्यवस्था मिलाइनेछ । शुन्य होम डेलिभरी कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।
- गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ । नियमित रुपमा स्वास्थ्य जाँच गराई स्वास्थ्यकर्मीको निगरानीमा प्रसुती गराउने आमाहरुलाई प्रोत्साहनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

- विद्यालय नर्सिङ कार्यक्रमलाई निरन्तरता दिइनेछ । विद्यालय नर्सहरुको कार्य विवरण अनुसार दैनिक कार्ययोजना निर्माण गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने तथा विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा प्रदान गर्नका लागि स्वास्थ्य संस्था सूचीकृत गर्ने कार्यलाई तिव्रता दिइनेछ ।
- किशोरकिशोरीलाई लक्षित गरी लागु औषध दूर्व्यसनी तथा यौनजन्य हिंसा निरुत्साहित गर्ने सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ । किशोरकिशोरीमैत्री स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन विद्यालय नर्सिङ कार्यक्रम सञ्चालित कम्तिमा दुई वटा विद्यालयमा किशोरकिशोरीमैत्री सूचना केन्द्रको स्थापना गरिनेछ ।
- समुदाय स्तरसम्म स्वास्थ्य सेवा प्रवाह गर्नका लागि त्रिवेणी गाउँपालिकाका सबै वडाहरुमा खोप क्लिनिक तथा गाउँघर क्लिनिक भवन निर्माणलाई प्राथमिकतामा राखी क्रमशः निर्माण कार्यको थालनी गरिनेछ ।
- बढ्दो आत्महत्याका घटनाहरुलाई न्यूनीकरणका लागि मानसिक स्वास्थ्य समस्या पहिचान एवं रोकथाम गर्न समुदायस्तरमा रहेका विभिन्न मनोसामाजिक समस्याको स्क्रिनिङ कार्यलाई प्राथिमकताका साथ अगाडी बढाइनेछ ।
- प्रभावकारी तवरले कोभिड-१९ विरुद्धको खोप सबै उमेर समूहका व्यक्तिहरुलाई प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ । साथै QR Code प्रमाणीकरणलाई थप व्यवस्थित गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुमा सबै किसिमका परिवार नियोजनका अस्थाई साधनहरुको उपलब्धता सुनिश्चित गरिनेछ ।
- सुरक्षित गर्भपतन सेवालाई थप विस्तार गरी नेर्पा स्वास्थ्य चौकीबाट समेत उक्त सेवा प्रवाह हुने व्यवस्था मिलाइनेछ । नेर्पा स्वास्थ्य चौकीमा फार्मेसी सेवा सञ्चालनमा ल्याइनेछ ।
- सबै स्वास्थ्य संस्थाका व्यवस्थापन समिति र पालिकास्तरको गुणस्तर निर्धारण समितिको क्षमता अभिवृद्धि गरिनेछ । स्वास्थ्य संस्थाहरुको सामाजिक परीक्षणको कार्यलाई नियमित र प्रभावकारी बनाइनेछ ।
- स्वास्थ्य सूचना व्यवस्थापनलाई थप प्रभावकारी र गुणस्तरीय बनाउन अनलाईन प्रविधिको उच्चतम प्रयोग तथा विस्तार गरिनेछ । साथै नीजि क्षेत्रलाई पनि अभिलेख तथा प्रतिवेदनमा समावेश गरिने नीतिको अवलम्बन गरिनेछ ।
- विभिन्न महामारीजन्य रोग तथा विपद्बाट जनताको सुस्वास्थ्य तथा जीउधनको रक्षा गर्ने कृयाकलापहरु सञ्चालनमा ल्याइनेछ । आँखा सम्बन्धी समस्या भएका व्यक्तिहरुको लागि **उज्यालो आँखा** अस्पताल सञ्चालन गरिनेछ ।
- सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याउनुको साथै मनोबल बढाउन यातायात सुविधा तथा झोला, छाता लगायतका सहायता सामग्री उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- आधुनिक चिकित्सा प्रणालीसँगै आयुर्वेद उपचार पद्धतिलाइ प्रभावकारी बनाउदै लगिनेछ । गाउँपालिका क्षेत्रभित्र हुने परम्परागत औषधीजन्य वनस्पति तथा जडिबुटीको संरक्षण, खेती प्रवर्द्धन र प्रशोधनका कार्यहरु सञ्चालन गरिनेछ । तिलामा जडिबुटी खेति सञ्चालन गरिनेछ ।

- तिला आयुर्वेद केन्द्र मार्फत योग, स्वस्थ आहारविहार लगायतका उपायको अवलम्बन गरी स्वस्थ र निरोगी गाउँपालिका निर्माणको लागि अभियानका साथ सातवटै वडामा कार्यक्रमहरु सञ्चालन गरिनेछ । कोशेली घरसँगै रहेको गाउँपालिकाको जग्गामा योगा भवन निर्माणको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- बहुक्षेत्रीय पोषण योजनाले पहिचान गरेका पोषणसँग सम्बन्धित क्षेत्रहरु कृषि विकास, पशु सेवा, खानेपानी तथा सरसफाई, महिला तथा बालबालिका, शिक्षा, स्वास्थ्य तथा प्रशासन लगायतका शाखाहरुलाई समन्वयात्मक ढंगले परिचालन गरिनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रम मार्फत महिला र बालबालिकाको पोषणका सवाललाई सम्बोधन गर्न पोषण विशेष र पोषण संवेदनशिल कार्यक्रम सञ्चालन गरिनेछ ।
- पोषणमैत्री स्थानीय तह प्रवर्द्धनको लागि गरिएका क्रियाकलाप र सो को प्रगति कार्यालयको सूचना पाटी, वेवसाइट तथा आवश्यकतानुसार आमसञ्चार माध्यमबाट सार्वजनिक गरिनेछ । पोषणमैत्री आचरण तथा व्यवहारको प्रवर्द्धनको पैरवी गरिनेछ ।
- पाँच वर्षमुनीका कुपोषित बालबालिकाहरुलाई सुपोषित बनाउन तिनका अभिभावकलाई साना व्यवसाय सञ्चालन गर्न सहायता उपलब्ध गराइनेछ ।
- गाउँपालिका वडा कार्यालयहरु तथा सबै विद्यालयहरुमा पोषण कर्नरको स्थापना गरिनेछ । गर्भवती महिलाको जोडीलाई मनोपरामर्श कार्यक्रम सञ्चालन गरिनेछ ।

## च. खानेपानी तथा सरसफाई

- **मुहानदेखि मुखसम्म स्वच्छ पानी**को अवधारणा अनुरुप सर्वसाधारणका लागि शुद्ध खानेपानीको सुविधा उपलब्ध गराउन एक घर एक धारा कार्यक्रमलाई उच्च प्राथमिकता दिई अभियानका साथ कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- खानेपानी समस्याको तत्कालिन, अल्पकालिन र दीर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानी वितरणको व्यवस्था मिलाइनेछ ।
- जलाधार संरक्षण कार्यक्रम सञ्चालन गरी भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ ।
- जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिनेछ । सडक किनारा र सार्वजनिक स्थानहरुलाई सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ ।
- विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ तथा प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ ।
- अस्पतालजन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ । जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ ।
- सबै किसिमका घरपालुवा जनावरको दिशा पिसाबजन्य फोहोर सम्बन्धित धनीले व्यवस्थापन गर्नु पर्नेछ । सार्वजनिक सडकमा ल्याई दिशा पिसाब गराएको पाइएमा कानून बमोजिम कारबाही गर्ने नीति लिइनेछ ।
- गाउँपालिकाका मुख्य स्थानहरुमा समुदायको सहकार्यमा उपयुक्त जग्गाको खोजी गरी सार्वजनिक शौचालयहरु निर्माण तथा सञ्चालनलाई अभियानका रुपमा अगाडी बढाइनेछ ।

### छ. कला तथा संस्कृति सम्बन्धी

- गाउँपालिकालाई खुल्ला बहुसाँस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा बहुसाँस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता Symbol हरु निर्माण गरिनेछ ।
- गाउँपालिकाभित्र बोलिने विभिन्न जातजातिका मातृभाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ ।
- गाउँपालिकाभित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभूषा, कला साहित्य, संगीत लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ ।
- गाउँपालिकामा प्रचलित मौलिक गीत, झाँकी तथा नृत्यहरुलाई समावेश गरी गाउँपालिकाको सँस्कृति सम्बन्धी डकुमेन्ट्रीको निर्माण गरी व्यापक प्रचारप्रसार गरिनेछ ।
- विभिन्न जातजातिको परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिनेछ । साथै गाउँपालिकाका विभिन्न स्थानमा लाग्ने स्थानीय मेलाको संरक्षण गरिनेछ ।
- संस्कृति संरक्षण सम्बन्धी कार्य गर्ने संस्था तथा महिला समूहहरुलाई पञ्चेबाजा वितरण गरी तालिम सञ्चालन गरिनेछ ।

## भौतिक पूर्वाधार विकास सम्बन्धी नीति कार्यक्रम

### क. शहरी योजना, बस्ति विकास, आवास तथा पूर्वाधार

- दीर्घकालिन लगानी मार्गदर्शनका लागि गाउँपालिकाको सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।
- पूर्वाधार निर्माणका आयोजनाहरु सञ्चालन गर्दा लागत-लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूलप्रवाहीकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी **"आयोजना बैंक"** तयार गरिनेछ । सो बैंकमा समाविष्ट आयोजनाहरुमा मात्र बजेट विनियोजन गर्ने नीति लिइनेछ ।
- एकिकृत शहरी विकास योजना तर्जुमा गरी अव्यवस्थित बसोबासलाई व्यवस्थित तुल्याउन एकिकृत बस्ती विकास आयोजना सञ्चालन गरिनेछ । एकिकृत शहरी तथा बस्ति विकास योजनाले निर्दिष्ट गरेका पूर्वाधारको निर्माण कार्यका लागि संघीय सरकार, प्रदेश सरकार र साझेदार निकायहरुसँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्र भू-उपयोग नीति लागु गर्दै जाने नीति लिइनेछ । गाउँपालिकाको भू-उपयोग क्षेत्र निर्धारण गरी बस्ति विकास योजनासहित भौतिक विकास गुरूयोजना तयार गरी आवास तथा बस्ति विकास, भवन तथा सार्वजनिक निर्माण लगायत पूर्वाधार निर्माण कार्य व्यवस्थित र गुणस्तरीय रूपमा सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने नयाँ आयोजनाहरु पहिचान गरी गाउँपालिका गौरव आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ । त्यस्ता आयोजनामा श्रोतको अभाव हुन दिइने छैन ।

- यस गाउँपालिकाको गौरवका आयोजनाको रुपमा स्वीकृत भएका सडक कालोपत्रे योजनाहरुलाई निरन्तरता दिइनेछ । साथै मर्मत सम्भारको लागि समेत आवश्यक बजेट विनियोजन गरिनेछ ।
- बाहिरी तथा भित्रि चक्रपथ, पहुँच मार्ग सडक, वडास्तरीय सडक तथा कृषि सडकहरुको **विस्तार, स्तरोन्नति तथा आवश्यकता अनुसार मर्मत** गर्न बजेटको व्यवस्था गरिनेछ । नयाँ ट्र्याक खोल्ने कार्यलाई कडाई गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र बन्ने संस्थागत, सार्वजनिक तथा व्यापारिक भवनहरुमा पार्किङ्ग स्थलको व्यवस्था अनिवार्य गर्नु पर्ने नीति लिइनेछ । आवासीय भवनमा "एक घर: पाँच विरुवा" नीतिलाई निरन्तरता दिइनेछ ।
- भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ । गाउँपालिकाभित्र सडकको मापदण्डलाई आवश्यकताको आधारमा कायम गरी मापदण्ड कार्यान्वयनको समस्यालाई समन्वय गरी समाधान गरिनेछ ।
- सम्बन्धित निकायहरुसँग समन्वय गरी विगत देखि निर्माणाधीन तथा अधुरा योजनाहरुलाई सम्पन्न गर्न क्रमागत रुपमा बजेट विनियोजन गरिनेछ ।
- नेपाल राष्ट्रिय भवन संहिता, २०६०, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड २०७२, भवन तथा योजना मापदण्ड, २०५६ लगायतका राष्ट्रिय, प्रादेशिक एवं स्थानीय भूमि व्यवस्थापन तथा भवन नियमन सम्बन्धी ऐन, मापदण्ड तथा निर्देशिकाहरुलाई कडाईका साथ लागु गरी सुरक्षित एवं व्यवस्थित भवन निर्माण गरिनेछ ।
- घर निर्माणमा जनताको अनुत्पादक खर्च नहोस् र पुँजी चलायमान होस् भन्ने उद्देश्यले घर निर्माण गर्नुपूर्व नागरिकलाई घरको आवश्यकता, घरको लागत, मापदण्ड र उपयोग सम्बन्धमा निःशुल्क परामर्श दिइनेछ ।
- गाउँपालिकाका सञ्चालन हुने सडक आयोजना प्रभावकारी व्यवस्थापनको लागि ब्याक हो लोडर, लोडर, बकेट र ट्याक्टर खरिद गरिनेछ ।
- विभिन्न कालखण्डमा गाउँपालिकामा निर्माण भएका पूर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार अद्यावधिक तथा मूल्यांकन गरी सार्वजनिक सेवा प्रभाहमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाको सीमा क्षेत्र यकिन गरी गाउँपालिका सीमानामा कलात्मक तथा गाउँपालिकाको ऐतिहासिक मौलिकता झल्किने गरी स्वागत द्वारहरुको निर्माण गरिनेछ ।
- नयाँ निर्माण हुने तथा भित्री र बाहिरी चक्रपथ सहितका मूलसडक साथै कृषि सडक विस्तार गर्दा **दीगो, वातावरणमैत्री तथा बायो इन्जिनियरिङ प्रविधि**को उपयोगलाई अनिवार्य गरिनेछ । सञ्चालनमा रहेका तथा नयाँ निर्माण हुने कच्चि सडकमा अनिवार्य रुपमा नाला तथा ग्याबिन/मेसिनरी वाल निर्माण गर्नुपर्ने व्यवस्था लागु गरिनेछ ।
- सार्वजनिक निर्माण कार्यको ठेक्का लिई छोडेर भाग्ने, समयमा कार्यसम्पन्न नगर्ने तथा गुणस्तरहीन कार्य गर्ने निर्माण व्यवसायीलाई कारबाहीको दायरामा ल्याई कालो सूचीमा राखिनेछ । साथै सम्बन्धित निर्माण व्यवसायीबाटै आवश्यक क्षतिपूर्ती भराइने तथा मर्मत लगायतका कार्य गर्नुपर्ने व्यवस्था मिलाइनेछ । अस्तव्यस्त ढंगबाट असारमा मात्र योजना सञ्चालन गर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ ।

- पूर्वाधारका योजनाको निर्माण तथा सञ्चालनमा निजी क्षेत्रसँगको साझेदारीका लागि विभिन्न आयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- उपभोक्ता समिति तथा टोल विकास संस्थाबाट सञ्चालन हुने आयोजनाको संरक्षण तथा मर्मतसम्भारको लागि आयोजनाको कुल बजेटबाट कट्टि हुने ४ प्रतिशत कन्टिन्जेन्सी रकमबाट २ प्रतिशत रकम जम्मा गरी मर्मत संभार कोषको स्थापना गरिनेछ ।
- स्थानीय समुदायहरुसँग साझेदारी गरी खानेपानी, सिंचाई, विद्युत, सडक जस्ता विकास आयोजनाहरु सञ्चालन गर्न साझोदारी कोषको स्थापना गरिनेछ । उपभोक्ता समितिमा महिला सहभागिता अभिवृद्धि गर्दै लैजाने नीतिको अवलम्बन गरिनेछ ।
- स्थानीय सरकारको सार्वजनिक सेवा प्रवाह, योजना तथा विकास व्यवस्थापन, नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, सुरक्षा तथा समन्वय व्यवस्थापन लगायतका कार्यहरुलाई प्रभावकारी व्यवस्थापन गर्न त्रिवेणी ५ जुगारमा **प्रशासकीय भवन** तथा त्रिवेणी २ कब्जिङमा सभाहल निर्माणको लागि आवश्यक बजेट व्यवस्थापन गरी कार्यारम्भ गरिनेछ ।
- विकास योजनाको गुणस्तरीय एवं प्रभावकारी कार्य सञ्चालन गर्नको लागि तालिम प्राप्त पालिकास्तरीय निर्माण टोली तयार गरिनेछ । पूर्वाधार विकासलाई गुणस्तरीय, दिगो र विश्वसनीय बनाउन सात वटै वडामा सिकर्मी तथा डकर्मी तालिम सञ्चालन गरिनेछ । पूर्वाधार सम्बन्धी रोजगारीमा स्थानीय जनशक्तिलाई प्राथमिकता दिइनेछ ।
- संघीय सरकारका अतिरिक्त यस गाउँपालिकाबाट सञ्चालित सुरक्षित नागरिक आवास निर्माण कार्यक्रम मार्फत फुसको छानो विस्थापनलाई निरन्तरता दिइनेछ ।
- असुरक्षित एवं जोखिमयुक्त स्थानका बस्तीलाई एकिकृत, आधुनिक, सुरक्षित, किफायती र वातावरणमैत्री बस्तीमा स्थानान्तरण गर्ने कार्यक्रम ल्याइनेछ ।
- पूर्वाधार निर्माणको लागि निर्माण कम्पनी तथा उपभोक्ता समितिसँग सम्झौता गर्दा महिला र पुरुषलाई समान ज्याला उपलब्ध नगर्ने साथै बालश्रमको प्रयोग नगर्ने प्रतिवद्धता गराइनेछ ।
- गाउँपालिकाको केन्द्र जुगारमा रहेको बसपार्कलाई आगामी आ.व. बाट प्रयोगमा ल्याइनेछ ।

## ख. विद्युत, उर्जा तथा सिंचाई सम्बन्धी

- विद्युतीकरण हुन बाँकी रहेका गाउँपालिकाका टोलबस्तीमा तिव्र रुपमा विद्युत विस्तार गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ । विद्युत प्राधिकरणसँग समेत आवश्यक समन्वय तथा सहकार्य गरी यस गाउँपालिकाको गौरवको आयोजनाको रुपमा सञ्चालनमा रहेको **त्रिवेणी उज्यालो कार्यक्रम**लाई वडागत रुपमा सफलतापूर्वक सम्पन्न भएको घोषणा गर्दै लगिनेछ ।
- अनविकरणीय उर्जाका स्रोतहरु माथिको निर्भरतालाई न्यूनीकरण गर्दै **वैकल्पिक उर्जाको विकास र उपयोग**मा वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ । व्यावसायिक पशुपालन गर्ने किसानहरुलाई घरायसी इन्धनको रुपमा गोबरग्याँस प्लान्ट स्थापना गर्न अनुदानको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाका सबै वडामा खेतीयोग्य जमिनको विश्लेषण गरी ठूला, मझौला तथा साना सिंचाई कुलो निर्माण तथा विस्तार गर्ने कार्यलाई तिव्रता दिइनेछ ।
- गाउँपालिकाको वडा नं. ५ स्थित दहखोलामा हाई ड्यामको निर्माण गरी वडाको तल्लो क्षेत्रमा प्रयाप्त सिंचाई सुविधा उपलब्ध गराइनेछ । साथै वडा नं. ३ र ६ को सिमानामा मलि ताल निर्माणको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

## ग. सूचना तथा सञ्चार सम्बन्धी

- पत्रकार महासंघसँगको सहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै सञ्चार संस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ ।
- **विकास पत्रकारीता**लाई प्रोत्साहन गरिनेछ । गाउँपालिकाका विकास गतिविधिहरुलाई पालिकाबासी सामु सु-सूचित गर्न तथा सुशासनलाई प्रवर्द्धन गर्न गराउनका लागि स्थानीय एफ.एम. रेडियोसँगको सहकार्यमा **"हाम्रो त्रिवेणी गाउँपालिका"** नामक रेडियो कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ । विज्ञापन तथा सूचनामा स्थानीय सञ्चार संस्थाहरुलाई प्राथमिकता दिइनेछ ।
- डिजिटल बडापत्र, टोल फ्रि नं., सामाजिक सञ्जाल र वेवसाइट मार्फत गाउँपालिकाले प्रदान गर्ने सबै सेवाहरुका बारेमा नागरिकलाई सुसूचित गर्ने तथा आफ्ना गतिविधिहरुको बारेमा सार्वजनिक गर्ने व्यवस्था मिलाई **सूचनाको हकको प्रभावकारी कार्यान्वयन** गरिनेछ ।
- गाउँपालिका तथा अन्तर्गतका कार्यालयको कार्य सम्पादनलाई गुणस्तरीयता कायम गर्दै छिटोछरितो र पारदर्शी बनाई सूचना तथा प्रविधिको अधिकतम उपयोग मार्फत शासन प्रणालीलाई स्थानीय तहबाट नै सुदृढीकरण गरिनेछ ।
- गाउँपालिकाका हरेक सूचना तथा समाचार, बजेट तथा कार्यक्रमहरु, विभिन्न प्रतिवेदन, आयव्यय विवरण, ऐन, कानून तथा निर्देशिका, कर तथा शुल्कहरु र कार्यालय सम्पर्क विवरण वेवसाइटमार्फत नियमित रुपमा सार्वजनिक गरिनेछ ।
- त्रिवेणी गाउँपालिकामा टेलिफोनको पहुँच नपुगेका टोलबस्तीमा टेलिकम टावर निर्माणको लागि आवश्यक पहल गरिनेछ ।

## वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी

### क. फोहोरमैला व्यवस्थापन

- टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ ।
- गाउँपालिकाका मुख्य बजार क्षेत्रको कुहिने, नकुहिने, सिसाजन्य तथा हानीकारक फोहरमैला व्यवस्थापनका लागि अलग-अलग **ल्यान्ड फिल साइट**को निर्माण गरिनेछ ।
- प्लाष्टिक जन्य फोहोरको व्यवस्थापनको लागि **सुइरो कार्यक्रम** सञ्चालन गरी आयआर्जनको स्रोतको रुपमा विकास गरिनेछ ।
- कुहिने फोहोरबाट प्राङ्गारिक मल बनाउन **फोहोरबाट मोहर** अभियान सञ्चालन गरिनेछ ।
- गाउँ तथा बजारबासीहरुलाई घर आँगन सफा सुग्घर राख्न जिम्मेवार बनाउन **हाम्रो आँगनः राम्रो आँगन** कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्लाष्टिकजन्य फोहोर नियन्त्रण तथा न्यूनीकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ ।
- बजार क्षेत्रमा ढल निकासको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

## ख. वातावरण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन

- जलवायु परिवर्तनका प्रतिकूल प्रभावहरूलाई अनुकूलन गर्न गाउँपालिकाको क्षमता बढाइनेछ। साथै खाद्य उत्पादनलाई प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृद्धि गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- हरित ग्याँस उत्सर्जनलाई न्यूनीकरण गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदानप्रदान गरी गाउँपालिकाको क्षमता अभिवृद्धि गरिनेछ।
- ठूला पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिनेछ।
- **वातावणमैत्री स्थानीय शासन सञ्चालन**का लागी खुला तथा सार्वजनिक स्थानमा विभिन्न सार्वजनिक उत्सवहरुमा पर्यावरणीय महत्व भएका विरुवाहरु वृक्षारोपण गरी **हरियाली बढाउनुको साथै गाउँपालिकाको सौन्दर्य अभिवृद्धि** गरिनेछ। साथै वन क्षेत्रको जल, जमीन तथा वातावरणको संरक्षण गरी जीविकोपार्जनको अवसरमा वृद्धि गरिनेछ।
- पोखरी संरक्षण, पहिरो तथा गल्छी नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदी नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृद्धि गरिनेछ। संवेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिनेछ।
- भू-सूचना प्रणालीको प्रयोग, उच्च जोखिमयुक्त क्षेत्रको नक्साङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ।
- विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद् पूर्व तयारी, विपद् न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ।
- ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिनेछ।
- भुकम्पीय जोखिम न्यूनीकरणको लागि भकम्प प्रतिरोधी भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।
- विद्यालय, वडा तथा गाउँपालिकास्तरमा विपद् व्यवस्थापन प्रतिकार्य योजना बनाएर लागु गरिनेछ। गाउँपालिकाको विपद् जोखिम नक्साङ्कनको आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- स्थानीय जनता, सामुदायिक वन उपभोक्ता समितिको सहभागितामा नर्सरी स्थापना, खाली स्थानमा फलफूल तथा औषधीय गुण भएका विरुवा **वृक्षारोपण तथा सदावहार घाँसखेतीको विकास**को लागि आवश्यक व्यवस्था मिलाइनेछ।
- प्राकृतिक तथा मानवीय कारणले हुन जाने वनजङ्गलको क्षती न्यूनीकरणका लागि भू-संरक्षण, जलाधार संरक्षण, अग्लो स्थानमा रहेका वन क्षेत्रमा रिचार्ज पोखरी निर्माण कार्यक्रमलाई स्थानीय जनसहभागितामा अभियानका साथ सञ्चालन गरिनेछ।
- वार्षिक कार्ययोजना अनुसार वडा कार्यालय तथा सम्बन्धित अन्य निकायबाट अनुमति लिएर मात्र रुख काट्ने व्यवस्था मिलाइनेछ। एक वडा एक नर्सरी कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

- गाउँपालिकास्तरीय सामुदायिक वन उपभोक्ता महासंघसँगको सहकार्यमा वनका उपभोक्ता समितिहरुलाई परिचान गरी वन क्षेत्रलाई सम्भावित डढेलोबाट जोगाउन जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- **मनुसुनजन्य बाढी तथा पहिरो रोकथाम तथा नियन्त्रण** गर्न पूर्व तयारीका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । साथै बाढी पहिरोको संभावित जोखिम भएका स्थानमा **ग्याबिन जाली तथा ह्युम पाइप** राख्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समितिहरुले अनिवार्य रुपमा आयव्ययको वार्षिक विवरण वडा कार्यालय मार्फत गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।
- विपद्को पूर्व तयारीका लागि संभाव्य जोखिमको पहिचान गर्ने, क्षतिको पूर्वानुमान गर्ने तथा सतर्कताका लागि पूर्वचेतावनी दिनसक्ने संयन्त्रको विकास गरिनेछ ।
- विपद् व्यवस्थापनका लागी आवश्यक पर्ने राहत, उद्धार तथा आपतकालिन सामग्रीको पर्याप्त व्यवस्था गर्न विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँग सहकार्य गरिनेछ । सबै वडा कार्यालयहरुमा अत्यावश्यक विपद् व्यवस्थापन सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।
- विपद्को प्रतिकार्य तथा व्यवस्थापन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरी गाउँपालिकाको **विपद् व्यवस्थापन** कोषलाई सुदृढ गरिनेछ ।

## सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

### क. सुशासन तथा सार्वजनिक सेवा सम्बन्धी

- गाउँपालिकाभित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिनेछ ।
- गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो व्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिनेछ ।
- गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी ढंगले नागरिक समक्ष पुऱ्याउन "हाम्रो गाउँपालिका" नामक साप्ताहिक बुलेटिन प्रकाशन गरिनेछ ।
- टोल विकास संस्थामा आवद्ध गाउँपालिका क्षेत्रभित्रका शतप्रतिशत घरधुरीको नक्शाङ्कन गरी टोल विकास संस्थाका पदाधिकारीहरुलाई अधिकार सहितको जिम्मेवारी दिइनेछ । विकास व्यवस्थापन, सामाजिक परिचालन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनका लागि टोल विकास संस्था, नागरिक समाज, नीजि क्षेत्र र गैरसरकारी संस्थाहरुलाई समन्वयात्मक ढंगले परिचालन गरिनेछ ।
- स्थानीय तहको अवलोकन भ्रमणबाट सिकाई भएका सेवा प्रवाह, विकास निर्माण, नीति निर्माण तथा नविनतम कार्य लगायतको क्षेत्रका सफल अनुभवहरु कार्यान्वयन गरिनेछ ।
- इन्धन तथा भ्रमण भत्ता तर्फको बजेटलाई घटाउदै लगिनेछ । भ्रमण गर्दा सकेसम्म सस्तो र किफायती यातायातको साधनको प्रयोगलाई प्रभावकारी बनाइनेछ । कार्यालयको अत्यावश्यक कामकाजमा मात्र भ्रमण जाने व्यवस्था मिलाई भ्रमणलाई नियमित गरिनेछ ।

- जनप्रतिनिधि तथा कर्मचारीहरुलाई दिइदै आएको इन्धन व्यवस्थित गरिनेछ । सरकारी नम्बर प्लेटका सवारी साधनको प्रयोगलाई नियमित गर्न लगबुकको प्रयोगलाई प्रभावकारी बनाइनेछ । व्यक्तिगत कामकाज तथा सार्वजनिक बिदाको दिनमा सरकारी सवारीसाधन प्रयोग गर्ने पदाधिकारी तथा कर्मचारीलाई कारबाहीको दायरामा ल्याइनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिनेछ ।
- सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग, निर्माण सामग्री भण्डारण र फुटपाथ पसलहरुको अनाधिकृत प्रयोगलाई निरुत्साहित गर्दै उचित व्यवस्थापन र नीजि क्षेत्रको सहकार्यमा उपयुक्त पार्किङ्ग स्थलहरु पहिचान गरी सञ्चालन गरिनेछ ।
- प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचना पाटी तथा वेवसाइटमा प्रकाशित गरिनेछ ।
- आधारभूत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ ।
- गाउँपालिकामा सुशासन, पारदर्शिता तथा जवाफदेहिता अभिवृद्धिका लागि सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सामाजिक लेखा परीक्षण र लैङ्गिक लेखाजोखा लगायतका विधिको अवलम्बन गरी सुशासन प्रवर्द्धनलाई प्राथमिकतामा राखी स्थानीय सरकारका क्रियाकलापहरु पारदर्शी बनाउन **सुशासन रणनीति** कार्यान्वयनमा ल्याइनेछ ।
- सार्वजनिक सेवा प्रवाहलाई जनमुखी र परिणाममुखी बनाउन क्रमश: वडास्तरमा विकेन्द्रीकरण गर्दै लैजाने नीति अनुरुप वडाको संस्थागत क्षमता वृद्धि गरी अधिकतम आधारभूत सेवाहरु सम्बन्धित वडाबाटै प्रदान हुने व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।
- सेवा प्रवाहमा आधुनिक सूचना प्रविधिको प्रयोगमा बढोत्तरी गर्दै अनलाइन रजिष्ट्रेशन र कम्प्यूटर बिलिङ्ग प्रणालीको स्तरोन्नती गरी सबै भुक्तानीहरु E-Payment मार्फत गरिनेछ । सम्पूर्ण करदातालाई Digital Payment गर्न मिल्ने गरी प्रणालीको विकास गरिनेछ ।
- गाउँपालिकाबाट प्रवाह हुने सेवालाई कागजविहीन बनाई E-Governance लाई प्रवर्द्धन गर्न गाउँपालिकाका सम्पूर्ण कार्य प्रणालीलाई Online System मा आवद्ध गरिनेछ ।
- सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता, गुणस्तरीयता, मितव्ययीता, सरलता, सहजता र प्रभावकारिता अभिवृद्धि गरी सुशासन कायम गरिनेछ ।
- गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयबाट प्रवाह हुने सेवा प्रवाहमा जेष्ठ नागरिक, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा महिलालाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिकाको आर्थिक केन्द्र तथा मुख्य बजार क्षेत्रहरुमा बैंकसँग सहकार्य गरी नगदरहित कारोबारलाई प्रोत्साहन गर्नको लागि प्रत्येक पसलमा QR Code राखी डिजिटल कारोबारको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाभित्र सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई सरल र सुलभ तरिकाले सेवा प्रवाहको व्यवस्था मिलाइनेछ । सेवा प्रवाहलाई प्रविधिमैत्री बनाइने, सेवा प्रवाहको प्रभावकारीताका बारेमा नियमित अनुगमन, गर्ने मिलाइनेछ ।

- उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत र न्यून कार्यसम्पादन भएकाहरुलाई दण्डित गर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।
- सेवा प्रवाहको गुणस्तरीयताको परीक्षण गर्न, सेवा प्रवाहका अवरोधहरुको बारेमा थाहा पाउन तथा सेवा प्रवाहमा सुधार ल्याउनका लागि सेवाग्राही समेतको सहभागितामा कार्ययोजना निर्माणका लागि सामुदायिक अंकपत्र अन्तरसंवाद कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाले प्रवाह गर्ने सेवा तथा विकासात्मक क्रियाकलापहरुका सन्दर्भमा आन्तरिक र बाह्य सरोकारवालालाई प्रयाप्त जानकारी प्रदान गर्न प्रत्येक चौमासिक कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिनेछ ।
- गाउँपालिकाबाट नागरिकलाई प्रवाह गर्नुपर्ने सेवा सुविधाका सम्बन्धमा नियमित रुपमा विषयगत समिति र गाउँ कार्यपालिकाको बैठकमा छलफल गरी सेवा प्रवाह सुधारका सम्बन्धमा आवश्यक निर्णय लिई त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, स्वास्थ्य संस्था, सामुदायिक विद्यालय तथा मातहतका सम्पूर्ण कार्यालय बिच प्रभावकारी सञ्चार तथा तथ्याङ्क व्यवस्थापनका लागि एक एकिकृत पोर्टलको व्यवस्था गरिनेछ ।

**ख. राजश्व संकलन, आन्तरिक श्रोत परिचालन तथा नियन्त्रण सम्बन्धी**

- गाउँपालिकाको आन्तरिक आयलाई बढाउनको लागि कर संकलनमा सकारात्मक वातावरण निर्माण गर्न सातवटै वडामा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- दिगो रुपमा आन्तरिक आयमा वृद्धि गरी गाउँपालिकालाई आत्मनिर्भर बनाउन राजश्व सुधार योजना तयार गरी लागू गरिनेछ । गाउँपालिकाभित्रका सम्भावित करका क्षेत्रहरु पहिचान गरी नियमित रुपमा सहज ढंगले कर असुलउपर हुने व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक राजश्व वृद्धि गर्न करका दर न्यूनतम गरी करको दायरा विस्तार गर्दै लैजाने नीति लिइनेछ । कर प्रशासनमा जनशक्ति थप गरी सूचना प्रविधि एवं करदातामैत्री तुल्याउदै लगिनेछ ।
- प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनीकरण गर्दै लगिनेछ ।
- आन्तरिक आयका स्रोतहरूको सम्भाव्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तरसरकारी वित्तीय हस्तान्तरण तथा गैरसरकारी संस्थाको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार र नेपाल सरकारका निकाय तथा गैरसरकारी संस्था र विकास साझेदारसँग परामर्श, समन्वय र साझेदारी गरिनेछ ।
- ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन् गरी बिक्री गर्ने विधि अवलम्बन गरिनेछ ।
- वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ ।

- घर जग्गा बहाल कर असुली प्रकृयालाई अनिवार्य र प्रभावकारी तुल्याउन टोल विकास संस्था, सहकारी तथा नीजि संस्थासँग सहकार्य गरिनेछ ।
- अव्यवस्थित बसोबासीहरुलाई लगाउदै आएको बहाल बिटौरी करलाई निरन्तरता दिइनेछ । घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिनेछ ।
- **खर्चमा मितव्ययिताः शुन्य बेरुजु हाम्रो प्रतिवद्धता** भन्ने मन्त्रलाई हृदयङ्गम गर्दै प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली मार्फत आर्थिक क्रियाकलाप सञ्चालन गरिनेछ ।
- करदाताहरुलाई आफुले तिर्नुपर्ने कर दायित्व र कर तिर्ने समय सीमा समयमै जानकारी दिन निजहरुको मोबाइल नम्बरमा विद्युतीय प्रणालीद्वारा सन्देश प्रवाहित गर्ने नीति लिइनेछ ।
- विभिन्न कारणबाट व्यवसाय दर्ता तथा नवीकरण गरी नियमित हुन छुट भएका करदातालाई करको दायरामा ल्याउन कर सहभागिता कार्यक्रम संचालन गरिनेछ । व्यवसाय कर तथा अन्य कर तिर्न बाँकी करदातालाई निश्चित समयावधि तोकी कर तिर्न उत्प्रेरित गरिनेछ ।
- गाउँपालिकाको राजश्व प्रशासनलाई सरल, सहज र मितव्ययी तुल्याइनेछ । नियमित रुपमा गाउँपालिकालाई राजश्व तिर्ने तथा सबैभन्दा धेरै राजश्व तिर्ने करदातालाई पुरस्कृत गरिनेछ । तोकिएको समयभित्र कर तिर्ने करदातालाई छुट सहुलियत प्रदान गरिनेछ ।
- दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ । घुमन्ते तथा पोके व्यवसायहरुलाई कडाई गरी राजश्वको दायरामा ल्याइनेछ ।

## ग. न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी

- सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिनेछ । निर्माण गर्न बाँकी रहेका ऐन, कानून र कार्यविधिहरुको शिघ्रताका साथ निर्माण गर्दै अद्यावधिक गर्नुपर्ने कानूनहरुलाई समय सापेक्ष संशोधन गर्दै लगिनेछ ।
- न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ ।
- न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।
- मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- न्याय सम्पादनको कार्यलाई थप व्यवस्थित गर्न यस सम्बन्धी सम्पूर्ण प्रक्रियालाई डिजिटल जस्टिस सिस्टम तयार गरी लागु गरिनेछ ।

## घ. संगठन संरचना, दरबन्दी र कार्यविवरण सम्बन्धी

- गाउँपालिकाको **संगठन तथा व्यवस्थापन सर्भेक्षण** प्रतिवेदनका आधारमा सन्तुलित, चुस्तदुरुस्त कार्यालय संगठन संरचना तथा सोही बमोजिम दरबन्दी कायम गरी रिक्त रहेका पदहरुमा प्रदेश लोक सेवा आयोगबाट दक्ष तथा उर्जावान स्थायी कर्मचारीहरु पदपूर्ती गरिनेछ ।
- कार्य सम्पादनलाई छिटोछरितो, गुणस्तरीय र प्रभावकारी बनाउन प्रत्येक शाखा, इकाई तथा कार्यरत जनशक्तिको **कार्य विवरण** बनाई लागू गर्ने तथा कार्य सम्पादन सम्झौता गर्ने नीतिको अवलम्बन गरिनेछ ।

## ङ. मानव संसाधन तथा क्षमता विकास सम्बन्धी

- सेवा प्रवाह चुस्तदुरुस्त रुपमा सञ्चालन गर्न कर्मचारी, जनप्रतिनिधि, विद्यालय कर्मचारी लगायतलाई आधारभूत सूचना प्रविधि सम्बन्धी आवधिक रुपमा क्षमता विकास तथा पुनर्ताजकी तालिम दिइने तथा आवश्यक सफ्टवेयरको व्यवस्था मिलाइनेछ ।
- कर्मचारीको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम ल्याइने, कार्यशैलीलाई परिणामुखी बनाइने र कर्मचारीहरुलाई सेवा प्रवाहप्रति जिम्मेवार, जवाफदेही र गतिशील बनाइनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका शतप्रतिशत घरधुरीलाई टोल विकास संस्थामा आवद्ध गराइनेछ । वातावरण संरक्षण तथा विपद् व्यवस्थापनका लागि टोल विकास संस्था, नागरिक समाज, नीजि क्षेत्र र गैरसरकारी संस्थाहरुलाई समन्वयात्मक ढंगले परिचालन गरिनेछ ।
- सेवा प्रवाह, विकास निर्माण, नीति निर्माण तथा नविनतम कार्य लगायतका विषयहरुमा सफल अनुभवहरु आदानप्रदान गर्दै सहकार्य गर्न जनप्रतिनिधि तथा कर्मचारीहरुबाट प्रतिनिधिमूलक ढंगले अन्य स्थानीय तहको अवलोकन भ्रमणको व्यवस्था र जनप्रतिनिधि तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम तथा गोष्ठी सञ्चालन गरिनेछ ।
- गाउँपालिकाबाट नागरिकलाई प्रवाह गर्नुपर्ने सेवा सुविधाका सम्बन्धमा नियमित रुपमा विषयगत समिति र गाउँ कार्यपालिकाको बैठकमा छलफल गरी सेवा प्रवाह सुधारका सम्बन्धमा आवश्यक निर्णय लिई त्यसको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाको सेवा प्रवाहको पृष्ठपोषण प्राप्त गर्न मासिक तथा चौमासिक रुपमा नागरिक सन्तुष्टी सर्वेक्षण गरिनेछ । साथै त्यसको प्रतिवेदन तथा सुझावहरुको सम्बन्धमा छलफल गरी सुधारात्मक कार्यहरु सञ्चालनमा ल्याइनेछ ।
- गाउँपालिका कार्यालय तथा वडा कार्यालयलाई सेवाग्राहीमैत्री बनाई त्रिवेणीबासीको सन्तुष्टीको स्तरलाई अभिवृद्धि गर्न कार्यालयको रुपायण र सौन्दर्यकरण जस्ता कार्यहरु अगाडी बढाइनेछ ।

## च. बजेट तथा स्रोत परिचालन सम्बन्धी

- एकिकृत भू-उपयोग योजना, यातायात गुरुयोजना, वातावरण व्यवस्थापन योजनासमेत समावेश भएको GIS Based Spatial Plan मा आधारित आवधिक विकास तर्जुमा गरी सोही आधारमा मध्यमकालिन खर्च संरचना सहितको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ ।
- उपलब्ध प्राकृतिक स्रोत तथा जनसांख्यिक लाभलाई उत्पादनमूलक क्षेत्रमा सदुपयोग गरिनेछ । आर्थिक उपलब्धी र विकासका प्रतिफलहरुको समन्यायीक रुपमा वितरण गरिनेछ ।
- विकास निर्माणसँग सम्बन्धित कामहरुमा स्थानीय जनशक्ति तथा उपलब्ध स्रोतसाधनको प्रयोगमा उच्च प्राथमिकता दिइनेछ ।
- भौतिक पूर्वाधार निर्माणको गतिलाई तीव्रता दिन, उत्पादन र उत्पादकत्व वृद्धि गर्न सार्वजनिक, नीजि, सहकारी र सामुदायिक क्षेत्रको लगानीमा उत्पादनमूलक र उच्च प्रतिफल दिने कार्यक्रम तथा आयोजनामा स्रोतसाधनको परिचालन गरिनेछ ।
- विकास निर्माणका कार्यहरुको गाउँपालिकास्तरीय तथा वडास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट प्रभावकारी अनुगमन गर्ने र सो को चौमासिक रुपमा गाउँ कार्यपालिकामा प्रतिवेदन पेश गर्ने कार्यलाई नियमित गरिनेछ ।

**छ. अल्पकालीन तथा दीर्घकालीन नीति, योजना र कार्यक्रम सम्बन्धी**

- सडक यातायात गुरुयोजना, पूर्वाधार निर्माण गुरुयोजना र जोखिम संवेदनशील भू-उपयोग योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सडक, सिंचाई, खानेपानी लगायतका भौतिक पूर्वाधारहरुको सहज उपलब्धता तथा गुणस्तरमा सुधार गर्दै विकास निर्माण कार्यलाई तीव्र रुपमा अघि बढाइनेछ ।
- द्वन्द पिडित, विभिन्न आन्दोलनका घाईते, वेपत्ता एवम् शहिद परिवारहरुलाई सामाजिक सुरक्षा र न्यायको अनुभूति प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ ।
- जनजाती, दलित, अपाङ्गता भएका व्यक्ति, एकल महिला, बेरोजगार श्रमिक, असहाय व्यक्ति, गरिब तथा विपन्न वर्गको जीवनस्तरमा अपेक्षित सुधार ल्याउन स्वास्थ्य, शिक्षा, सीप विकास तालिम र रोजगारी एवं आयआर्जन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

**ज. स्रोतहरुको पहिचान सम्बन्धी**

- वित्तीय सुशासन कायम गरिने, पारदर्शी रुपमा बजेट तर्जुमा र कार्यान्वयन गर्ने नीतिको अवलम्बन गरिनेछ । पूँजीगत खर्चको गुणस्तरीयता र चालु तर्फको फजुल तथा अनुत्पादक खर्चलाई कटौती गरी मितव्ययीता कायम गरिनेछ ।
- गाउँपालिकाभित्र ठूला आयोजनाहरु सञ्चालन गर्दा सम्भव भएसम्म संघीय सरकार, प्रदेश सरकार, गैरसरकारी संस्था तथा स्थानीय समुदायबाट नगद लागत सहभागिता हुने व्यवस्था मिलाइनेछ । सो व्यवस्था कार्यान्वयनको लागि साझेदारी कोषको स्थापना गरिनेछ ।
- सामुदायिक खेती, सहकारी खेती, करार खेती तथा व्यावसायिक खेती गर्न भूमि, पूँजी र प्रविधिको संयोजन गरी एकै प्रकारको बाली एकैसाथ उत्पादन गर्न उत्प्रेरित गरिनेछ ।
- गाउँपालिकामा सञ्चालनमा रहेका अटो रिक्साहरुलाई गाउँपालिकामा दर्ता हुने व्यवस्था गरी रुट परमिट प्रदान तथा भाडा निर्धारण गरिनेछ ।
- गाउँपालिकाको निगालपानी नाकामा ठूलो परिमाण नापतौलको लागि तौल काँटा राखी निकासी तथा पैठारीलाई नियमित गरिनेछ ।
- गाउँपालिकास्थित खानीबाट जथाभावी चुनढुंगा उत्खनन् गर्ने कार्यलाई निमयन गर्ने, गाउँपालिकामै चुनढुंगामा आधारित उद्योग स्थापना गर्ने तथा चुनढुंगा निकासीलाई करको दायरामा ल्याउने नीति अवलम्बन गरिनेछ । खानी तथा उद्योगहरुलाई सामाजिक उत्तरदायित्व अन्तर्गतका क्रियाकपालहरु सञ्चालन गर्न जवाफदेही र उत्तरदायी बनाइनेछ ।
- गाउँपालिकाले चुनढुंगा खानीबाट उत्खनन् परिमाण बराबरको रोयल्टी प्राप्त गर्नको लागि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग लगायतका निकायमा आवश्यक पहल गरिनेछ ।

**झ. विज्ञान तथा प्रविधि सम्बन्धी**

- बालबालिका तथा युवाहरुबाट सूचना प्रविधिका उपकरणहरु डिजिटल ड्रगको रुपमा प्रयोग हुन नदिन सचेतना अभिवृद्धि गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सुखी समृद्ध त्रिवेणी गाउँपालिकाः सुदृढ वैज्ञानिक हाम्रा बालबालिका भन्ने नाराका साथ विद्यालयमा अध्ययनरत बालबालिकाहरुको विज्ञान तथा आविष्कार प्रति रुची तथा आकर्षण बढाउन **विज्ञान प्रतिभा कार्यक्रम** सञ्चालन गरिनेछ ।

### ञ. सुरक्षा व्यवस्था सम्बन्धी

- गाउँपालिकामा शान्ति सुरक्षा कायम गर्न मदिराको उत्पादन, बिक्रिवितरण तथा उपभोग नियमन तथा जुवातास खेल्न निषेध गर्ने विगतको निर्णयलाई कडाईका साथ कार्यान्वयन गरिनेछ भने त्यस्ता कार्य गरेमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम दण्ड तथा जरिवानाको व्यवस्था गरिनेछ ।
- प्रहरी निरीक्षक कमाण्डको गाउँपालिकास्तरीय प्रहरी कार्यालय स्थापनाको लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ । करेटी, सिम्पानी र तिलामा प्रहरी चौकी राख्नका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन यस गाउँपालिकाका व्यस्त बजार र सुरक्षा संवेदनशिल क्षेत्रहरुको निगरानी तथा सुरक्षा व्यवस्थापन गर्नको लागि सडक बत्ती र सि.सि. क्यामरा जडान गरिनेछ ।

### ट. सहयोग, सहकार्य तथा समन्वय सम्बन्धी

- गाउँपालिकाको विकासको लागि महत्वपूर्ण भूमिका निर्वाह गर्ने तत्कालिन स्थानीय निकायका पूर्व जनप्रतिनिधि, स्थानीय तहका संस्थापक जनप्रतिनिधिहरु लगायतलाई सम्मान गरिनेछ ।
- गाउँपालिकाको सर्वाङ्गीण विकासलाई तिव्रता दिने कार्यमा योगदान तथा साझेदारी गर्न र विभिन्न प्राकृतिक, मानव सिर्जित विपद् रोकथाम तथा नियन्त्रणका लागि सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरुसँग सहकार्य तथा साझेदारी गरिनेछ ।
- नयाँ संघसंस्थाको दर्ता, नविकरण, अभिलेखीकरण र नियमनको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।
- संघ तथा प्रदेशका अयोजनाहरुमा कार्यान्वयन गर्दा स्थानीय सरकारसँग समन्वय गरेर सञ्चालन गर्नुपर्ने साथै अनुगमन तथा मूल्यांकन गाउँपालिकाबाट समेत गर्ने नीति लिइनेछ ।

**गाउँ सभा उपाध्यक्षज्यू,**
**तथा सभाका सदस्यज्यूहरु,**

**अन्त्यमा,** यस त्रिवेणी गाउँपालिकाको चौतर्फी विकासमा योगदान पु-याउने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, बौद्धिक वर्ग, विकास साझेदार संघसंस्था, सहकारी तथा सामुदायिक क्षेत्र, व्यवसायी, श्रमिक वर्ग, नागरिक समाज, पत्रकार, आमसञ्चार जगत लगायत सम्पूर्ण त्रिवेणीबासी आमाबुबा, दिदीबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रस्तुत गरिएको आगामी आर्थिक वर्षको **नीति तथा कार्यक्रमको अधिकतम् प्रतिफलसहित पूर्ण कार्यान्वयनमा रचनात्मक सहयोग**को लागि हार्दिक गर्दछु ।

धन्यवाद ।

**कर्ण बहादुर बाँठा मगर**
**(अध्यक्ष)**
**त्रिवेणी गाउँपालिका, रोल्पा**

**मितिः २०८०/०३/१० गते ।**